# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११५ | काठमाडौं | आइतबार, ३१ साउन २०८३ | Prabhab National Daily | Sunday, 16 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## राजनीतिक संस्कार नै बदल्ने देउवापक्षको प्रस्ताव




- कांग्रेस संकटमा, आत्मसमीक्षाको प्रस्ताव
- नेतृत्वसँगै राजनीतिक संस्कार बदल्न जोड
- विशेष महाधिवेशनप्रति कडा आपत्ति
- जेन-जी घटनाको निष्पक्ष छानबिन माग
- वालेन्द्र सरकारको कार्यशैलीमाथि प्रश्न,
- संघीयता पूर्ण कार्यान्वयनमा जोड
- युवालाई कम्तीमा २० प्रतिशत प्रतिनिधित्व गर्नुपर्ने दाबी
- संगठन र सदस्यता प्रणाली डिजिटल बनाउने प्रस्ताव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको संस्थापनइतर पक्षको राष्ट्रिय सम्मेलनमा पार्टीको राजनीतिक दिशा, समसामयिक राजनीति, संगठन, विधान र आर्थिक नीतिबारे विभिन्न प्रस्ताव पेस भएका छन् ।

प्रतिवेदनहरूले कांग्रेस अहिले गम्भीर संकटमा रहेको निष्कर्ष निकालेका छन् । पार्टीभित्रको विवाद तत्काल समाधान गर्नुपर्नेमा जोड दिइएको छ । संगठनलाई गुटभन्दा माथि उठाउनुपर्ने प्रस्ताव गरिएको छ ।

आर्थिक नीतिमा पनि नयाँ कार्यदिशा अघि सारिएको छ । निजी क्षेत्रलाई उत्पादनको नेतृत्व दिने प्रस्ताव छ । युवालाई स्वदेशमै रोजगारी दिने योजना अघि सारिएको छ । विधानमा पनि व्यापक परिवर्तन प्रस्ताव गरिएको छ । सदस्यता प्रणाली डिजिटल बनाउनेदेखि युवालाई २० प्रतिशत प्रतिनिधित्व दिने प्रस्ताव छ ।

पूर्वपरराष्ट्रमन्त्री एनपी साउद संयोजक रहेको समितिले समसामयिक राजनीतिक प्रतिवेदन प्रस्तुत गरेको छ । प्रतिवेदनले कांग्रेस र मुलुकको लोकतान्त्रिक व्यवस्था जटिल मोडमा पुगेको निष्कर्ष निकालेको छ । पार्टीलाई संस्थागत र लोकतान्त्रिक बनाउनुपर्ने प्रस्ताव गरिएको छ । जनउत्तरदायी कांग्रेस निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । व्यक्ति वा समूहलाई हराउनेभन्दा जनताको विश्वास जित्ने कांग्रेस आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

### एलपी ग्यास वितरणमा सरकारको तामासा

# दिनभर लाइनमा बसेर रित्तो फर्किए उपभोक्ता

- हप्तौंदेखि ग्यास अभाव, आपूर्ति व्यवस्थापनमा चुक्यो सरकार
- शनिबारदेखि काठमाडौंका विभिन्न स्थानबाट सरकार आफैंले बेच्न थाल्यो ग्यास
- सरकारी बिक्री केन्द्रमा पनि उपभोक्ताको भीड, पानीमा भिज्दै लाइनमा बसेका उपभोक्ताले साँझ ग्यास नपाएको गुनासो
- एक सिलिण्डर ग्यास लिनका लागि नागरिकता वा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि सरकारको आलोचना
- एकैचोटी माग बढ्दा ग्यास अभाव देखिएको दाबी
- दीर्घकालीन सुधारको तयारीमा रहेको सरकारको दाबी



**सरकारले ग्यास बिक्री गर्न तोकेको बबरमहलस्थित पुरानो जिल्ला प्रशासन कार्यालयमा शनिबार ग्यास लिने उपभोक्ताको भीड ।**
*तस्बिर: रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** खाना पकाउने एलपी ग्यासको अभाव हप्तौंदेखि कायम रहँदा उपभोक्ताको सास्ती झन् बढेको छ । रित्तो सिलिण्डर बोकेर डिपो, उद्योग र बिक्री केन्द्र धाउँदा पनि ग्यास नपाएपछि उपभोक्ता बिहानैदेखि घण्टौं लामो लाइनमा बस्न बाध्य छन् ।

बजारमा ग्यास सहजरूपमा उपलब्ध गराउने सरकारको पटक-पटकको बाचापछि पनि समस्या समाधान हुन सकेको छैन । ग्यासको खोजीमा उपभोक्ता दिनभर धाउनुपर्ने र घण्टौं लाइन बस्नुपर्ने अवस्था कायमै छ । चाबहिल बस्ने भोजपुरकी प्रमिला राईले चाबहिलस्थित यातायात कार्यालयबाट ग्यास वितरण हुन थाले पनि शनिबार आफूले ग्यास नपाएको बताइन् । दिउँसो १२ बजेतिर बिक्री केन्द्र पुगेकी उनी साँझसम्म लाइनमा बस्दा पनि रित्तै फर्किइन् । 'म दिउँसो त्यस्तै १२ बजेतिर गएको थिएँ, साँझ ६ बजेसम्म पनि पाइनँ र त्यसै फर्किएँ । भीडमभीड छ,' उनले प्रभावसँग भनिन् ।

जनतालाई ग्यास उपलब्ध गराउन असफल बनेको वालेन्द्र सरकार शनिबारदेखि आफैं ग्यास बेच्न थालेको छ । नेपाल आयल निगमले काठमाडौंका विभिन्न स्थानमा सरकारी निगरानीमा प्रत्यक्ष बिक्री सुरु गरेको हो । निगमले टेकुस्थित आफ्नो परिसर, चाबहिलको यातायात कार्यालय, कीर्तिपुर र बसुन्धराको राधास्वामी परिसर तथा बबरमहलस्थित पुरानो जिल्ला प्रशासन कार्यालय परिसरबाट शनिबार ग्यास बिक्री गरेको थियो ।

ती बिक्री केन्द्रबाट छ हजार ८०२ सिलिण्डर बिक्री गरेको निगमले जनाएको छ । तर, मागको तुलनामा आपूर्ति व्यवस्थापन गर्न नसक्दा केही बिक्री केन्द्रमा सिलिण्डर अपुग भएको थियो । समयमै बिक्री केन्द्र पुगे पनि ग्यास पाउन नसकेका उपभोक्तालाई कुपनमार्फत आज (आइतबार) पहिलो प्राथमिकतामा राखेर सिलिण्डर उपलब्ध गराउने व्यवस्था गरिएको निगमले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

### उपभोक्ताको प्रश्न- ग्यास कहाँ छ ?

सरकारले ग्यासको आयात बढेको बताएको छ । नेपाल आयल निगमले बजारमा पर्याप्तभन्दा बढी सिलिण्डर पठाएको दाबी गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अनुगमन र कारबाही तीव्र बनाएको जनाएको छ । ग्यास उद्योगहरूले पनि आपूर्ति नियमित रहेको बताइरहेका छन् ।

यद्यपि, यी सबै दाबीबीच उपभोक्ताले ग्यास पाएका छैनन् । सरकारसमक्ष उनीहरूको प्रश्न छ- ग्यास कहाँ छ ? हप्तौंदेखि रित्तो सिलिण्डर बोकेर डिपो धाइरहेका उपभोक्ताले सहजरूपमा एउटा सिलिण्डरसमेत पाउन नसक्नुले सरकारी आपूर्ति व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ । आयात, भण्डारण र वितरणमध्ये समस्या जहाँ भए पनि त्यसको प्रत्यक्ष मारमा उपभोक्ता परेका छन् । नेपाल उपभोक्ता मञ्चका महासचिव विश्व तिमिल्सिनाले पर्याप्त ग्यास आयात भइरहेको हो भने त्यो ग्यास कहाँ गयो भन्ने प्रश्न उठाएका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# दक्षिण कोरियामा उच्च तापक्रमले बढ्यो श्रमिकको सुरक्षा चिन्ता



*तस्बिर सौजन्य: एसबिएस न्युज*

- अत्यधिक तातोका कारण केही आप्रवासी श्रमिकको मृत्यु भएसँगै सुरक्षा चिन्ता
- मे १५ देखि अगस्ट ४ सम्म कम्तीमा १९ जनाको मृत्यु भएको तथ्यांक
- दुई हजार २५ जना गर्मीका कारण स्वास्थ्य समस्यामा रहेको रोयटर्सको रिपोर्ट
- तापक्रम ३८ डिग्री सेल्सियस पुगेमा अत्यावश्यकबाहेक बाहिरी काम रोक्न सिफारिस

■ **प्रभाव संवाददाता**

काठमाडौं- दक्षिण कोरियामा अत्यधिक तातोका कारण केही आप्रवासी श्रमिकको मृत्यु भएसँगै सुरक्षा चिन्ता बढेको छ । विशेषगरी बाहिर काम गर्नेहरू लामो समयसम्म घाममा काम गर्नु, 'ब्रेक' लिन गाह्रो हुनु र भाषासम्बन्धी समस्याका कारण बढी जोखिममा पर्ने हेराल्ड इनसाइटले जनाएको छ ।

यस वर्ष कोरियाले असामान्य उच्च तापक्रमको सामना गरेको जनाइएको छ । जसमा दक्षिण ग्योनसाङ प्रान्तको याङसान भन्ने स्थानमा गत अगस्ट ३ मा मापन गरिएको ४२.५ डिग्री सेल्सियस तापक्रम १२२ वर्षयताकै उच्च भएको उल्लेख गरिएको छ ।

कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सीको तथ्यांकअनुसार मे १५ देखि अगस्ट ४ सम्म कम्तीमा १९ जनाको मृत्यु भइसकेको छ । त्यसैगरी दुई हजार २५ जना गर्मीका कारण स्वास्थ्य समस्यामा रहेको रोयटर्सको रिपोर्टमा भनिएको छ । समाचारका अनुसार कृषि र निर्माण कार्यमा संलग्न कामदारका लागि गर्मी खतरनाक बन्दै गएको छ । त्यस्तै, कार्यस्थलको प्रकृतिअनुसार कतिपय श्रमिकले आफ्नो काम र विश्रामको समय आफैं निर्धारण गर्न नसक्ने अवस्थामा रहेको पनि जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा







**पृष्ठ १ बाट क्रमशः**

## दिनभर लाइनमा...

आज पनि काठमाडौं उपत्यकाका सात स्थानबाट ग्यास बिक्री गरिने निगमले सूचनामार्फत जानकारी दिएको छ। निगमका अनुसार टेकु, चपलीस्थित पशु सेवा शाखा, कीर्तिपुरको राधास्वामी परिसर, तारकेश्वर नगरपालिका परिसर, नयाँबजारस्थित जुडो हल परिसर, चन्द्रागिरि नगरपालिका कार्यालय र राष्ट्रिय क्षयरोग केन्द्र ठिमीबाट ग्यास बिक्री हुने छ।

एक सिलिण्डर ग्यास लिनका उपभोक्तालाई नागरिकता वा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ। बिक्रीको समय बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म तोकिएको छ। सरकारले बिक्री केन्द्र थपेर प्रत्यक्ष रूपमा ग्यास वितरण गर्न थाले पनि मूल समस्या भने समाधान हुन सकेको छैन। नियमित डिपोबाट ग्यास नपाएपछि सरकारी बिक्री केन्द्रमै उपभोक्ताको लामो लाइन लाग्न थालेको छ। शनिबार ठूलो झरीमा भिजेर उपभोक्ता दिनभर लाइनमा बसे पनि ग्यास नपाएपछि आक्रोशित बनेका छन्।

निगमका अधिकारीहरूले बजारमा देखिएको असहजताको मुख्य कारण मागमा आएको अचानक वृद्धि भएको बताएका छन्। पश्चिम एसियामा द्वन्द्व सुरु भएपछि ग्यास आपूर्ति प्रभावित हुन सक्ने आशंकामा निगमले सुरुमा आधा सिलिण्डरमात्रै बिक्री गर्ने व्यवस्था गरेको थियो। त्यो व्यवस्था करिब चार महिनासम्म कायम रह्यो। त्यस अवधिमा घरमा ग्यास सकिए पनि धेरै उपभोक्ताले तत्काल सिलिण्डर भर्न पाएनन्।

पछि आपूर्ति सहज भएको भन्दै भरी सिलिण्डर बिक्री गर्न थालेपछि लामो समयदेखि रोकिएको माग एकैपटक बजारमा आएको निगमको बुझाइ छ। निगमका अनुसार एउटा सिलिण्डर भएका उपभोक्ताले दोस्रो र दुईवटा भएका उपभोक्ताले तेस्रो सिलिण्डरसमेत भर्न खोजेपछि बजारमा अस्वाभाविक चाप परेको हो। यद्यपि, अहिले ग्यास आयातमा समस्या नरहेको निगमको भनाइ छ। नेपालमा खपत हुने सबै एलपी ग्यास भारतबाट आयात हुन्छ। सामान्य अवस्थामा दैनिक ९० देखि ९५ बुलेट ग्यास आयात हुने गरेकोमा पछिल्लो समय त्योभन्दा बढी ग्यास भित्रिरहेको निगमको दाबी छ।

सरकारले भारतबाट ग्यास आयात थप बढाउनसमेत पहल गरेको छ। हाल मासिक ४९ हजार ५०० मेट्रिक टन ग्यास आयात भइरहेकोमा त्यसलाई बढाएर ६० हजार मेट्रिक टन पुऱ्याउने परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई पत्राचार गरिएको मन्त्रालयले जनाएको छ।

■■■

## राजनीतिक संस्कार...

'आजको आवश्यकता केवल नेतृत्व परिवर्तनमात्र होइन, राजनीतिक संस्कार परिवर्तन हो। नेपाली कांग्रेसलाई बचाउनु भनेको कुनै व्यक्ति, समूह वा पद बचाउनु होइन,' प्रतिवेदनमा छ। प्रतिवेदनले २०७९ को निर्वाचनपछि कांग्रेसले भोगेको राजनीतिक अवस्थाको पनि समीक्षा गरेको छ। तीनै तहमा कांग्रेस ठूलो दल बने पनि केन्द्रमा स्पष्ट बहुमत नआएको उल्लेख छ। त्यसपछि कांग्रेस कहिले माओवादीसँग त कहिले एमालेसँग मिलेर सरकारमा गएको प्रतिवेदनमा उल्लेख छ। यस्ता सत्ता गठबन्धनले राजनीतिक स्थिरता दिन नसकेको निष्कर्ष छ।

प्रतिवेदनले कांग्रेसको निर्वाचन परिणाममाथि कडा आत्मसमीक्षा गर्नुपर्ने माग गरेको छ। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले ८९ सिट जितेको थियो। पछिल्लो निर्वाचनमा भने ३८ सिटमा खुम्चिएको प्रतिवेदनमा उल्लेख छ। यसलाई कांग्रेसको ऐतिहासिक कमजोरीका रूपमा चित्रण गरिएको छ। पार्टीले यसको निर्मम समीक्षा गर्न नसकेको आरोप छ। 'त्यस्तो परिणाम कसरी आयो ? कसले जिम्मेवारी लिनुपर्ने हो ? त्यसमा पार्टीभित्र निर्मम समीक्षा गर्नुपर्थ्यो,' प्रतिवेदनमा भनिएको छ। हारको दोष व्यक्ति वा गुटलाई मात्र दिन नहुने पनि प्रतिवेदनमा उल्लेख छ। 'हामी कहाँ चुक्यौं ?' भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने भनिएको छ।

### विशेष महाधिवेशनप्रति कडा आपत्ति

पूर्वउपसभापति विमलेन्द्र निधिले पेस गरेको राजनीतिक प्रतिवेदनले पार्टीभित्रको विवादलाई मुख्य विषय बनाएको छ। १५औं महाधिवेशनको तयारी भइरहेका बेला कांग्रेसमा गम्भीर असमझदारी देखिएको प्रतिवेदनमा उल्लेख छ। विगतका विवाद भने संवाद र समझदारीबाट समाधान भएको स्मरण गरिएको छ। पछिल्लो विवादको मुख्य कारण विशेष महाधिवेशनलाई बनाइएको छ। २०८२ पुसमा तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विधानविपरीत विशेष महाधिवेशन गरेको आरोप लगाइएको छ।

त्यसबाट १४औं महाधिवेशनबाट निर्वाचित सभापति र कार्यसमिति विघटन गरिएको दाबी छ। यसले पार्टीमा गम्भीर मतभेद बढाएको प्रतिवेदनको निष्कर्ष छ। 'यदि यो मतभेदलाई तत्कालै मेट्न सकिएन, समझदारी कायम गर्न सकिएन र विधानअनुकूल पार्टी सञ्चालन गर्न सकिएन भने नेपाली कांग्रेस दुर्घटनाग्रस्त हुने छ,' प्रतिवेदनमार्फत ठोकुवा गरिएको छ।

प्रतिवेदनले कांग्रेसको इतिहासलाई पनि जोड दिएको छ। राणाशासनविरोधी आन्दोलनदेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्म कांग्रेसले नेतृत्व गरेको उल्लेख छ। राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई पार्टीका मूल आदर्श भनिएको छ। बिपी कोइरालाले अघि सारेको राष्ट्रिय एकता तथा मेलमिलाप नीति अहिले पनि सान्दर्भिक रहेको निष्कर्ष छ। १५औं महाधिवेशनमार्फत कांग्रेसलाई वैचारिक र सांगठनिकरूपमा बलियो बनाउने लक्ष्य राखिएको छ।

### जेन-जी आन्दोलनमा निष्पक्ष अनुसन्धान

जेन-जी आन्दोलनबारे पनि प्रतिवेदनमा लामो चर्चा छ। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र अभिव्यक्ति स्वतन्त्रताको प्रश्न जायज रहेको उल्लेख छ। तर शान्तिपूर्ण प्रदर्शनमा घुसपैठ भएको दाबी गरिएको छ। त्यसबाट हिंसा र अराजकता फैलिएको निष्कर्ष निकालिएको छ। कांग्रेसका केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कार्यालयमा आगजनी भएको प्रतिवेदनमा उल्लेख छ। ऐतिहासिक दस्ताबेजसमेत नष्ट भएको दाबी छ। नेता तथा सांसदका घरमा भएको आक्रमणको पनि प्रतिवेदनमा चर्चा छ। घटनाको स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुनुपर्ने माग गरिएको छ।

साउदको प्रतिवेदनले पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकार गठनमाथि पनि प्रश्न उठाएको छ। सरकार गठन संविधानको दायराभन्दा बाहिर भएको दाबी गरिएको छ। प्रधानमन्त्री नियुक्तिका लागि संविधानको धारा ७६ मा व्यवस्था रहेको प्रतिवेदनमा उल्लेख छ। तर कार्की नेतृत्वको सरकारले निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको भने स्वीकार गरिएको छ। त्यसले मुलुकलाई नयाँ राजनीतिक बाटोमा पुऱ्याएको प्रतिवेदनको निष्कर्ष छ।

### वालेन्द्र सरकारमाथि प्रश्न

प्रतिवेदनले प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको कार्यशैलीमाथि प्रश्न उठाएको छ। सरकार पारदर्शी र जवाफदेही नभएको आरोप लगाइएको छ। प्रधानमन्त्रीले संसद् र राजनीतिक दलसँग सहकार्य गर्न नचाहेको प्रतिवेदनमा उल्लेख छ।

सामाजिक सञ्जालमा आधारित लोकप्रियतावादले सरकार र संसद्बीच दूरी बढाएको टिप्पणी गरिएको छ। संसद् अधिवेशन स्थगित गरेर अध्यादेश जारी गरिएको विषयमा पनि आपत्ति जनाइएको छ। सरकारी कार्यालयमा फेरि नागरिकले लाइन बस्नुपर्ने अवस्था आएको आरोप छ। सुकुमबासीलाई पूर्वतयारीबिना हटाइएको भन्दै आलोचना गरिएको छ। मधेस-तराईको हिंसात्मक घटनाले सामाजिक सौहार्दता बिगारेको पनि प्रतिवेदनमा उल्लेख छ।

यस्तै, संघीयता कार्यान्वयनमा कमजोरी रहेको प्रतिवेदनको निष्कर्ष छ। सात प्रदेश, ७५३ स्थानीय तह र छ हजार ७४३ वडा बने पनि अधिकार पूर्णरूपमा हस्तान्तरण नभएको उल्लेख छ। प्रदेश मातहत प्रहरी र सुरक्षा संरचना बनाउनुपर्ने प्रस्ताव छ। कर्मचारी व्यवस्थापन र प्रशासनिक अधिकार पनि प्रदेश तथा स्थानीय तहलाई दिनुपर्ने भनिएको छ।

### गुटबन्दी अन्त्यको प्रस्ताव

पूर्वसहमहामन्त्री उमाकान्त चौधरीले सांगठनिक प्रतिवेदन पेस गरेका छन्। उनले गुटबन्दी, भागबण्डा, तदर्थवाद र आन्तरिक द्वन्द्वका कारण संगठन कमजोर भएको निष्कर्ष निकालेका छन्।

विधि र विधानको पालना हुन नसकेको उनले बताएका छन्। इमानदार कार्यकर्ताको उचित मूल्यांकन नभएको पनि प्रतिवेदनमा उल्लेख छ। 'गुटबन्दी र नातावादभन्दा माथि उठेर विधि, पद्धति, योग्यता र क्षमताका आधारमा पार्टी सञ्चालन गरिनुपर्छ,' चौधरीले भने। उनले शीर्ष नेताको नाम स्मरण गरेरमात्र पार्टी रूपान्तरण नहुने बताएका छन्। उनीहरूले स्थापित गरेको आन्तरिक लोकतन्त्र र न्यायको अभ्यास गर्नुपर्ने उनको जोड छ। पार्टीलाई एकढिक्का बनाउनु सम्मेलनको मुख्य उद्देश्य भएको प्रतिवेदनमा उल्लेख छ।

यसैबीच, रमेश लेखक संयोजक रहेको समितिले विधान संशोधनको अवधारणापत्र प्रस्तुत गरेको छ। टोलदेखि केन्द्रसम्मको संगठनात्मक संरचना बदल्ने प्रस्ताव छ। कार्यसमितिलाई चुस्त र छरितो बनाउने भनिएको छ। समावेशिता पनि बढाउने प्रस्ताव छ। टोल र वडा समितिमा महिला, दलित, जनजाति तथा विशेष क्षमता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रस्ताव छ। भूगोल र जनसंख्यालाई पनि प्रतिनिधित्वको आधार बनाउने भनिएको छ।

### युवालाई कम्तीमा २० प्रतिशत

विधान संशोधन प्रस्तावमा युवालाई विशेष प्राथमिकता दिइएको छ। टोलदेखि जिल्ला कार्यसमितिसम्म १८ देखि ३५ वर्ष उमेर समूहका युवालाई कम्तीमा २० प्रतिशत प्रतिनिधित्व दिने प्रस्ताव छ। प्रतिनिधित्व नपुगे मनोनयनबाट संख्या पुऱ्याउने व्यवस्था गर्न खोजिएको छ। ३० वर्षमुनिका विभिन्न समुदायका युवालाई पनि सबै तहमा प्रत्यक्ष निर्वाचित वा मनोनीत गर्ने प्रस्ताव छ। महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अल्पसंख्यक र पिछडिएको क्षेत्रको प्रतिनिधित्व बढाउने भनिएको छ।

केन्द्रीय कार्यसमितिमा उपसभापतिको संख्या बढाउने प्रस्ताव पनि छ। महिला सहभागिता सुनिश्चित गर्ने भनिएको छ। सभापतिको सिफारिसमा एक वरिष्ठ उपसभापति नियुक्त गर्ने प्रस्ताव पनि छ। समाजशास्त्र, चिकित्सा, राजनीति, अर्थशास्त्र र कानुन क्षेत्रका विशेषज्ञका लागि कम्तीमा २५ प्रतिशत सिट सुनिश्चित गर्ने प्रस्ताव गरिएको छ।

### सर्वोच्चप्रति देउवाको भरोसा

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले पार्टी एकताको पक्षमा आफू स्पष्ट रहेको बताएका छन्। शनिबार महाराजगञ्जस्थित निवासमा पुगेका केही पत्रकारसँग कुराकानी गर्दै देउवाले यस्तो बताएका हुन्। उनले आफू विशेष महाधिवेशनको पक्षमा नरहेको पनि स्पष्ट पारे।

विशेष महाधिवेशनविरुद्ध आफूहरूले सर्वोच्च अदालतमा मुद्दा दिएको उनले बताए। अदालतबाट न्याय पाएपछि पार्टी एकता हुने उनको दाबी छ। 'सम्पूर्ण रूपमा पार्टी एकता हुनुपर्छ। विशेष अधिवेशनको पक्षमा म थिइनँ, मैले मानेको पनि होइन,' देउवाले भने। देउवाले अहिले पार्टीभित्र देखिएको विवादलाई अदालतको फैसलासँग पनि जोडेका छन्। अदालतको निर्णयपछि विवाद समाधान हुने उनको विश्वास छ।

■■■

## उपभोक्ताको प्रश्न...

उनका अनुसार एउटा वा दुईवटा सिलिण्डर भएका घरायसी उपभोक्ता अनावश्यकरूपमा घाममा लाइन बस्न जाने अवस्था हुँदैन। 'एक-दुई दिन होइन, थुप्रै हप्तादेखि उपभोक्ताले ग्यास अभाव झेलिरहेका छन्, तर वितरण सहजरूपमा भइरहेको छैन। पूरै नागरिकलाई सास्ती छ,' उनले भने।

ग्यास वितरणमा देखिएको समस्या दुई दिनभित्र सहज बनाउन प्रधानमन्त्री वालेन्द्र शाहले निर्देशन दिएको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बताएकी छन्। मन्त्री यादवका अनुसार प्रधानमन्त्रीले बिहीबार ग्यास आपूर्तिको अवस्थाबारे चासो राख्दै तत्काल वितरण प्रणाली सहज बनाउन निर्देशन दिएका थिए। त्यसपछि मन्त्रालयले काठमाडौंका थप २५ वटा केन्द्रबाट सरकारी निगरानीमा ग्यास वितरण गर्ने तयारी गरेको छ।

हप्तौंदेखि ग्यास अभाव देखिएपछि सरकारले तत्काल समस्या समाधानसँगै दीर्घकालीन सुधारको आवश्यकता पनि स्वीकार गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले अहिलेको संकट समाधान भएपछि समस्या बिर्सन नहुने बताएका छन्। आगामी दिनमा यस्तो अवस्था दोहोरिन नदिन ग्यास वितरण प्रणालीमै सुधार आवश्यक रहेको उनको भनाइ छ।

नेपालमा विभिन्न ब्राण्डमा ग्यास बिक्री गर्ने ५८ वटा उद्योग छन्। सरकारले अब ग्यास उद्योगहरूलाई मर्जरमा लैजाने नीति अघि सार्ने तयारी गरेको छ। उद्योगीहरूले पनि लामो समयदेखि मर्जरको माग गर्दै आएको बताएका छन्। त्यस्तै, घरायसी र व्यावसायिक प्रयोजनका लागि छुट्टाछुट्टै सिलिण्डरको व्यवस्था गर्नुपर्ने विषय पनि उठेको छ। अहिले घरायसी उपभोक्ता, होटल, रेस्टुरेन्ट तथा अन्य व्यावसायिक प्रतिष्ठानले कति सिलिण्डर राख्न पाउने भन्ने स्पष्ट मापदण्ड छैन। सरकारी अधिकारीहरू नै यस्तो मापदण्डको अभाव रहेको स्वीकार गर्छन्। यही कारण मौज्दात र वितरणको विषयमा पटक-पटक विवाद उत्पन्न हुँदै आएको छ।

ग्यासमा भारतमाथिको पूर्ण निर्भरता घटाउन सरकारले विद्युतीय चुलो, इण्डक्सन र इन्फ्रारेड प्रविधिलाई प्रोत्साहन गर्ने तयारीसमेत गरेको छ। तर तत्काल भने उपभोक्ताको समस्या ग्यासकै हो। रित्तो सिलिण्डर बोकेर बिक्री केन्द्र धाउने, घण्टौं लाइन बस्ने र अन्ततः ग्यास नपाएर फर्किनुपर्ने अवस्था अझै हटेको छैन।

■■■

## दक्षिण कोरियामा...

गत जुलाईमा नेपाल, भियतनाम र थाइल्याण्डका चार श्रमिकले अत्यधिक गर्मीमा काम गरेपछि ज्यान गुमाएको जनाइएको छ। उच्च तापक्रमले श्रमिकहरूको मृत्यु हुन थालेपछि कोरिया सरकारले सुरक्षा सावधानी बढाएको छ। साथै, कार्यस्थल नियममा पनि कडाइ गरेको छ। कोरियामा गर्मीका कारण हुने श्रमिकको स्वास्थ्य जोखिम नियन्त्रणका लागि केही व्यवस्था कानुनीरूपमै लागू भइसकेका छन्। जुलाई २०२५ देखि लागू भएको व्यावसायिक सुरक्षा नियमअनुसार महसुस हुने तापक्रम ३३ डिग्री सेल्सियस वा त्यो भन्दा बढी पुगे काम गर्ने श्रमिकलाई सामान्यतया प्रत्येक दुई घण्टामा कम्तीमा २० मिनेट आराम गराउनुपर्ने व्यवस्था छ।

सरकारले अत्यधिक गर्मीमा बाहिरी काम व्यवस्थापन गर्न चरणबद्ध सुझावसमेत जारी गरेको माइग्रेन्ट टाइम्सले जनाएको छ। जसमा तापक्रम ३३ डिग्री सेल्सियस पुगेमा काम गर्ने समय परिवर्तन गर्ने वा बाहिरी कामको अवधि घटाउने रहेको छ। तापक्रम ३५ डिग्री सेल्सियस पुगेमा दिउँसो २ बजेदेखि ५ बजेसम्म बाहिरी काम रोक्न श्रम मन्त्रालयले सिफारिस गरेको छ। तापक्रम ३८ डिग्री सेल्सियस पुगेमा अत्यावश्यकबाहेक बाहिरी काम रोक्न थप कडा सिफारिस गरिएको छ।

कोरियामा नेपालसहित विभिन्न देशबाट ठूलो संख्यामा विदेशी श्रमिक कृषि क्षेत्रमा जाने गरेका छन्। विशेषगरी फलफूल, तरकारी, पशुपालन तथा अन्य कृषि कार्यमा विदेशी श्रमिकको माग छ। गर्मीका समयमा खुला खेतबारीमा लामो समय काम गर्दा उनीहरू उच्च तापक्रम, 'डिहाइड्रेसन' र 'हिट स्ट्रेस'को जोखिममा पर्छन्।

गर्मीजन्य जोखिम व्यवस्थापनमा विदेशी श्रमिकलाई भाषाको समस्या पनि पर्न सक्ने भन्दै कोरियाले १८ भाषामा सूचना सामग्री वितरण गर्न थालेको उल्लेख गरिएको छ। यसैबीच त्यहाँको श्रम मन्त्रालयले गर्मीबाट श्रमिकलाई जोगाउन देशव्यापी निरीक्षण तथा अनुगमन अभियानसमेत सञ्चालन गरिरहेको छ। अगस्ट ३ देखि १४ सम्म गर्मीको उच्च जोखिम भएका एक हजार कार्यस्थलमा केन्द्रित निरीक्षण गरिएको मन्त्रालयले जनाएको छ। निर्माण, जहाज निर्माण, ढुवानी, उत्पादनलगायत गर्मी र सीमित हावा आवतजावत भएका स्थानमा हुने कामलाई निरीक्षणको प्राथमिकतामा राखिएको मन्त्रालयले जनाएको छ।

गर्मीसम्बन्धी चेतावनी जारी रहँदासम्म केन्द्रीय सरकार र स्थानीय तहको संयुक्त अनुगमन गरिने जनाइएको छ। श्रम मन्त्रालयको विशेष गर्मी सुरक्षा निरीक्षण तथा निगरानी अभियान सेप्टेम्बर ३० सम्म सञ्चालन हुने तय गरिएको छ।

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ११४ साउन ३० गते २०८३ मा प्रकाशित **Vision & Value Overseas Pvt. Ltd.** को युएइ देश **Continental Sharjah Foods Sole Propritorship L.L.C** कम्पनीको Lot No. 346500 र कतार देशको **Compass Catering Services Wll.** कम्पनी भएको Lot No. **346505** र Lot No. **339514** को अन्तरवार्ता मिति २०८३ भदौ ७ गते **(23rd 2062)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

Vision & Value Overseas Pvt. Ltd.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०४/३१**

यस कम्पनीको मिति २०८३/०४/१९ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **पि.भिजन ईन्जिनियरिङ सोलुसन** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **पाइकन टेक्नोलोजी** (प्रा.लि.नं. २०३२४८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

### सिटी प्वाइन्ट इन्टरनेशनल ओभरसिज प्रा. लि. प्रा. लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/२९ मा दर्ता भएको प्रा. लि. नं. १७६५४६/०७४/०७५ को सिटी प्वाइन्ट इन्टरनेशनल ओभरसिज प्रा. लि. लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१२ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एव कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर, बिनोद कुमार, प्र.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०**

### वालुवा कोल सप्लाई प्रा. लि., प्रा. लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१०/०६ मा दर्ता भएको प्रा. लि. नं. २०६९३०/०७५/०७६ को वालुवा कोल सप्लाई प्रा. लि. लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१२ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एव कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर, बिनोद कुमार , प्र.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ३१ साउन, २०८३

| | |
|---|---|
| **मेष** | आज काममा उत्साह बढ्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ र नयाँ अवसरको संकेत देखिन्छ। |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट सहयोग मिल्नेछ, तर खर्चमा ध्यान दिनु राम्रो। |
| **मिथुन** | नयाँ व्यक्तिसँगको भेट उपयोगी बन्न सक्छ। व्यापार तथा रोजगारीमा सकारात्मक परिणाम मिल्नेछ। |
| **कर्कट** | मनमा रहेका अन्योल हट्दै जानेछन्। मेहनतअनुसार काममा सफलता प्राप्त हुनेछ। |
| **सिंह** | आज आत्मविश्वास बढ्नेछ। महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नु राम्रो हुनेछ। |
| **कन्या** | काममा जिम्मेवारी बढ्न सक्छ। आर्थिक लाभको सम्भावना भए पनि अनावश्यक खर्चबाट बच्नुहोस्। |
| **तुला** | सामाजिक सम्बन्ध राम्रो बन्नेछ। नयाँ योजना सुरु गर्न अनुकूल समय रहनेछ। |
| **वृश्चिक** | मेहनतको परिणाम प्राप्त हुने दिन हो। पारिवारिक वातावरण सुखद रहनेछ। |
| **धनु** | काममा नयाँ अवसर आउन सक्छ। यात्रामा सावधानी अपनाउनु राम्रो हुनेछ। |
| **मकर** | पेशागत क्षेत्रमा प्रगति हुनेछ। आर्थिक कारोबारमा सोचविचार गरेर निर्णय गर्नुहोस्। |
| **कुम्भ** | नयाँ विचारले सफलता दिलाउन सक्छ। साथीभाइ तथा सहकर्मीबाट राम्रो सहयोग प्राप्त हुनेछ। |
| **मीन** | आज आत्मबल बढ्नेछ। पुराना समस्या समाधान हुँदै जानेछन् र मनमा सन्तुष्टि मिल्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | |
| ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण | |
| अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण | |
| अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर | |
| शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा | |
| प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३१ साउन, २०८३ (१६ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.२४ | १५२.८४ |
| युरो | १ | १७५.६२ | १७६.३२ |
| पाउन्ड स्टिर्लङ | १ | २०५.७६ | २०६.५७ |
| स्विस फ्रैन्क | १ | १८७.३७ | १८८.११ |
| अस्ट्रेलियन डलर | १ | १०७.५५ | १०७.९७ |
| क्यानाडियन डलर | १ | १०९.२५ | १०९.६८ |
| सिङगापुर डलर | १ | ११८.९६ | ११९.४२ |
| जापानी येन | १० | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ | २२.५८ | २२.६७ |
| साउदी अरब रियाल | १ | ४०.५५ | ४०.७१ |
| कतारी रियाल | १ | ४१.७६ | ४१.९२ |
| थाई भाट | १ | ४.६० | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.४५ | ४१.६२ |
| मलेसियन रिङेट | १ | ३७.२६ | ३७.४१ |
| दक्षिण कोरियन वन | १०० | १०.७५ | १०.८० |
| स्विडिस क्रोनर | १ | १५.९६ | १६.०२ |
| डेनिस क्रोनर | १ | २३.४९ | २३.५९ |
| हङकङ डलर | १ | १९.४० | १९.४८ |
| कुवेती दिनार | १ | ४९५.४९ | ४९७.४५ |
| बहराइन दिनार | १ | ४०३.७९ | ४०५.३८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

# पत्रकारद्वय शान्ति र जयराम पुरस्कृत

■ प्रभाव संवाददाता

**हेटौंडा (मकवानपुर)–** तामाङ पत्रकार संघ बागमती प्रदेश समितिले पत्रकारद्वय शान्ति तामाङ र जयराम मुक्तानलाई पुरस्कृत गरेको छ । ३२ औं तामाङ प्रसारण दिवसको अवसरमा शनिबार हेटौंडामा आयोजित कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पत्रकारद्वयलाई पुरस्कार वितरण गरेका हुन् । नयाँ पत्रिका दैनिक काठमाडौंमा कार्यरत शान्तिले १५ हजार १११ रूपैयाँ राशिको 'स्व. छेमबहादुर-राजकुमार बानियाँ स्मृति पत्रकारिता पुरस्कार-२०८३' प्राप्त गरिन् । उनी धुनीबेसी-२ धादिङकी हुन् ।

यसैगरी अर्का पत्रकार जयरामलाई 'आइतेसिं-बुद्धिमाया रुम्बा स्मृति पत्रकारिता पुरस्कार-२०८३' प्रदान गरियो, जुन १० हजार १११ रूपैयाँ राशिको रहेको हो । कैलाश-४ मकवानपुरका जयराम नमस्तेमनहरी डटकममा कार्यरत छन् । अन्तरक्रिया तथा पुरस्कार वितरण समारोहमा मुख्यमन्त्री बानियाँसहित उपस्थित अतिथिहरूले सम्बोधन गरेका थिए ।




तामाङ समुदायले भदौ १ गतेलाई तामाङ प्रसारण दिवसको रूपमा मनाउँदै आएको छ । तामाङ पत्रकार संघका अनुसार २०५१ भदौ १ गतेका दिन रेडियो नेपालमा पहिलोपटक तामाङ भाषाको समाचार प्रसारण भएको थियो । विद्युतीय सञ्चारमा पहिलोपटक तामाङ भाषाको समाचार प्रसारण भएको सुखद् अवसरलाई सम्झँदै प्रसारण दिवस मनाइँदै आएको संघले जनाएको छ ।

# शंखरापुर नगरपालिकाको वार्षिक प्रगति ७७ प्रतिशत

**काठमाडौं–** शंखरापुर नगरपालिकाले विकास योजनामा ७७.२७ प्रतिशत प्रगति भएको बताएको छ । शुक्रबार साँखुमा नगरपालिकाद्वारा आयोजित आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा कार्यक्रममा विभिन्न शाखा तथा उपशाखाले एक वर्षभरि सम्पादन गरेको कामकारबाहीबारे छलफल गरिएको हो ।

कार्यक्रममा नगरपालिकाका योजना तथा अनुगमन शाखा प्रमुख राममणि ढकालका अनुसार आव २०८२/८३ मा भाषा, कला, संस्कृति र पर्यटन शीर्षकमा ८८ योजनामध्ये ७५ वटा सम्पन्न भएका छन् । ढकालले स्वास्थ्य पूर्वाधारका तीन योजनामध्ये दुईवटा, शिक्षा खेलकुद पूर्वाधारमा आठ योजनामध्ये सातवटा, खानेपानी र सरसफाइतर्फ २२ योजनामध्ये १८ योजना सम्पन्न भएका जानकारी दिए ।

त्यसैगरी, सडक र पुल पूर्वाधारतर्फ २४७ योजना रहेकामा २१४ वटा, सिँचाइतर्फ १४ योजनामा आठवटा, भवन पूर्वाधारमा १६ योजना रहेकामा ११ वटा र वातावरण पूर्वाधारमा २६ योजना रहेकामा २३ योजना सम्पन्न भएका ढकालले बताए ।

कार्यक्रममा नगरप्रमुख रमेश नापितले जनप्रतिनिधिले ल्याएका जनतामुखी कार्यक्रमलाई नतिजामुखी बनाएर कार्यान्वयन गर्न भूमिका खेलेकामा कर्मचारी तथा विभिन्न शाखालाई धन्यवाद दिए । उनले जनताको आवश्यकता र अपेक्षाअनुसार ल्याइएका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुँदा त्यसको प्रत्यक्ष लाभ नागरिकले पाउने उल्लेख गरे । उनले भने, 'यस वर्षको एसइई परीक्षामा नगरपालिकाभित्रका करिब ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण भए । हाम्रो क्षेत्रमा यो अहिलेसम्मकै उच्च शैक्षिक सफलता दर हो । नगरपालिकाले दिने सेवा प्रवाहको मूल्यांकनमा पनि हामी अगाडि नै छौं, हामी जनप्रतिनिधिले ल्याएको योजनालाई कुशलतापूर्वक नजितामुखी परिणाम आउनुमा कर्मचारी वर्गको भूमिका महत्त्वपूर्ण छ ।'

त्यस्तै, नगरपालिकाकी उपप्रमुख समिता श्रेष्ठले जनप्रतिनिधिले काम गर्ने क्रममा आलोचना आउनु स्वाभाविक भएको बताइन् । उनले आलोचनालाई सामान्यरूपमा लिएर त्यसबाट विचलित नभई सकारात्मकरूपमा अघि बढ्दै राम्रो काम गरेर देखाउन आग्रह गरिन् । उपप्रमुख श्रेष्ठले नगरपालिकाका विभिन्न शाखाले गरेका काम तथा उपलब्धिहरू सामाजिक सञ्जालमार्फत सार्वजनिक गरी जनतालाई नियमितरूपमा जानकारी गराउनुपर्नेमासमेत जोड दिइन् ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चुरामणि पन्थीले सीमित स्रोतसाधनका बाबजुद नगरपालिकाले धेरै राम्रो काम गर्न सफल भएको बताए । उनले भने, 'उपलब्ध स्रोतसाधनको अधिकतम् उपयोग गर्दै नगरवासीलाई सेवा प्रवाह तथा विकास निर्माणका कामलाई प्रभावकारीरूपमा अघि बढाउन हाम्रो तर्फबाट अधिकतम् प्रयास भइरहेको छ ।'

वार्षिक प्रगति समीक्षा कार्यक्रममा नगरपालिकाका विभिन्न शाखाले आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गरेका योजना, कार्यक्रम, सेवा प्रवाह तथा हासिल भएका उपलब्धिबारेका तथ्याङ्क विवरण प्रस्तुत गरेका थिए । *रासस*

# मानक उपचार प्रोटोकल प्रभावकारी कार्यान्वयनमा जोड

**काठमाडौं–** मुलुकको स्वास्थ्य प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र कम खर्चिलो बनाउन मानक उपचार प्रोटोकल (एसटिपी) लाई स्वास्थ्य बिमासँग जोडेर प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार भएको छलफलमा आधारभूत स्वास्थ्य सेवा तथा विभिन्न रोगको उपचारमा एकरूपता कायम गर्न जारी भएका एसटिपीलाई प्रभावकारीरूपमा लागू गर्ने विषयमा जोड दिइयो । प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार डा. जगदीशप्रसाद अग्रवालको अध्यक्षतामा भएको छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत क्युरेटिभ सेवा प्रभागका निर्देशक डा. पवनजंग रायमाझीसहित पेडियाट्रिक, न्युरोलोजी, कार्डियोलोजी, हेमोफिलिया, ओरल हेल्थ, इएनटीलगायत १८ क्षेत्रका विशेषज्ञ चिकित्सक सहभागी थिए ।

छलफलमा विशेषज्ञ चिकित्सकहरूले आ-आफ्नो क्षेत्रमा प्रयोग भइरहेका उपचार प्रोटोकलका सहज र कठिन पक्षबारे जानकारी दिँदै सुधारका लागि सुझाव दिएका थिए । विभिन्न विभाग तथा डिभिजनले छुट्टाछुट्टै रूपमा प्रोटोकल बनाउँदा समन्वयको अभाव देखिएकाले त्यसलाई समाधान गर्नुपर्नेमा पनि उनहरूले जोड दिएका थिए ।

ग्रामीण तथा सरकारी अस्पतालमा प्रोटोकलअनुसार उपचार गर्न आवश्यक उपकरण, प्रयोगशाला परीक्षण तथा निःशुल्क वितरण गर्ने भनिएका औषधि र उपकरण नियमित उपलब्ध नहुँदा चिकित्सकले प्रोटोकल पालना गर्न कठिनाइ हुने समस्या पनि छलफलमा उठाइएको थियो । यस्ता व्यावहारिक समस्या समाधान गरेर स्वास्थ्य सेवा प्रवाहमा अवरोध नहुनेगरी प्रोटोकल निर्माण गर्नुपर्ने सुझाव दिइएको थियो ।

क्युरेटिभ सेवा प्रभागका निर्देशक डा. रायमाझीका अनुसार आवश्यकताका आधारमा हाल १९ वटा प्रोटोकल निर्माण गरिएका छन् । तीमध्ये केही स्वीकृत भएर कार्यान्वयनमा आइसकेका छन् भने केही प्रक्रियामै छन् । कार्यान्वयनमा रहेका प्रोटोकललाई पनि समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको उनले बताए । *रासस*

# अनलाइनमार्फत स्वास्थ्य बिमामा आबद्ध हुन सकिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य बिमा बोर्डले अनलाइनबाट बिमामा आबद्ध हुनसक्ने प्रक्रिया सुरु गरेको छ । बिमा कार्यक्रममा नयाँ आबद्धता, बिमालेख नवीकरण, सेवाग्राहीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने (केवाइसी अपडेट) लगायत सबै काम अनलाइनामार्फत गर्न सकिने छ ।

बोर्डका प्रवक्ता डा. पवनकुमार शाहले यसअघि बिमा कार्यक्रममा दर्ता सहयोगीमार्फत सर्वसाधरण बिमा आबद्ध हुने गरेकामा शुक्रबारदेखि सुरु गरिएको सेवामार्फत अनलाइनबाटै सबै विवरण र सेवा प्राप्त गर्न सकिने जानकारी दिए । 'हामीले बिमामा आबद्ध हुनका लागि अनलाइनमार्फत आफैंले फाराम भर्न मिल्ने प्रणाली सुरु गरिसकेका छौं,' उनले भने, 'अबदेखि दर्ता सहयोगीविना बिमा आबद्धता, नवीकरणलगायत सबै काम हुन्छन् ।'

'विद्युतीय माध्यमबाट स्वास्थ्य बिमामा आबद्धता तथा बिमालेख नवीकरणसम्बन्धी कार्यविधि, २०८३' बमोजिम अनलाइनमार्फत बिमा आबद्धता र नवीकरण गर्न सुरु गरिएको प्रवक्ता शाहले बताए । उनका अनुसार यसका लागि इसेवा, खल्ती र कनेक्ट आइपिएसमार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

उक्त प्रणालीमार्फत व्यक्ति स्वयंले तथा दर्ता सहयोगीले परिवारलाई डिजिटल माध्यमबाट स्वास्थ्य बिमामा आबद्ध तथा बिमालेख नवीकरण गर्न सक्ने छन् । अहिले बिमामा ५९ लाख ७० हजार ४०३ जना आबद्ध भएका प्रवक्ता शाहले जानकारी दिए । उनका अनुसार स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि तीन हजार ५०० रूपैयाँबराबरको योगदानको आधारमा एक लाख रूपैयाँसम्मको स्वास्थ्य सेवा उपलब्ध गराइन्छ ।

थप प्रतिसदस्य ७०० रूपैयाँका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार रूपैयाँबराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । यस्तै आठ प्रकारका कडा रोगमा एक लाख रूपैयाँबराबरको थप सेवा प्रदान गरिने स्वास्थ्य बिमा बोर्डले जनाएको छ ।


## ज्योति विकास बैंक लि.
## JYOTI BIKASH BANK LTD.

*More than a Bank*

Head Office : Kamalpokhari, Kathmandu Tel: 01-5970306-12
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

### Interest Rates
### Effective from Bhadra 01, 2083 (August 17, 2026)

**Interest Rates on Deposits ( p.a. on daily basis)**

| Fixed Deposits | Individual | Institutional |
|---|---|---|
| 3 Months | 2.75% | - |
| 6 Months to below 3 Years | 2.75% | 2.75% |
| 3 Years to below 5 Years | 2.75% | 2.75% |
| 5 Years and above | 4.41% | 2.75% |

**Recurring Deposit**

| Product Name | Minimum Monthly Balance (NPR) | Interest Rate (% p.a.) |
|---|---|---|
| Jyoti Recurring Deposit | 500 | 2.75% |

**Jyoti Dui Guna Deposit**

| Product Name | Tenure | Interest Rate |
|---|---|---|
| Jyoti Dui Guna (Individual) | 15 Years 9 Months | 4.41% |
| **Call Deposit** | | **Up to 1.375%** |

| Saving Deposits | Minimum Balance (NPR) | Interest Rate (% p.a.) |
|---|---|---|
| Jyoti Bumper Saving Account | 1 | 2.75% |
| Jyoti Premium Savings Account | 10,000 | 2.75% |
| Jyoti Salary Savings Account | 0 | 2.75% |
| Sawari Chalak Surakshya Khata | 100 | 2.75% |
| Jyoti Ansiyar Bachat Khata | 100 | 2.75% |
| Jyoti ASBA Bachat Khata | 1 | 2.75% |
| Jyoti Dampati Bachat Yojana | 5,000 | 2.75% |
| Jyoti Bal Bachat Khata | 100 | 2.75% |
| Jyoti Jestha Nagarik Khata | 500 | 2.75% |
| Jyoti Samridhi Bachat Khata | 0 | 2.75% |
| Hamro Surakshit Bachat Khata | 3,000 | 2.75% |
| Micro Finance Saving | 100 | 2.75% |
| Bhukampa Pidit Khata | 0 | 2.75% |
| Remittance Khata | 0 | 2.75% |
| Nari Samman Bachat Khata | 1,000 | 2.80% |
| Muwabja Bachat Khata | 0 | 2.75% |
| Staff Saving Account | 0 | 2.75% |
| Smajik Surakshya Khata | 0 | 2.75% |
| Jyoti Smart Savings Account | 0 | 2.75% |
| Super Smart Savings Account | 15 | 2.75% |

| Foreign Currency Deposit | Minimum Balance | Interest Rate (% p.a.) |
|---|---|---|
| Call Deposit | - | 1.00% |
| Saving Deposit | - | 2.00% |
| Fixed Deposit | - | 3.00% |

*Rate for Remittance Deposit : Additional Minimum 1%

**Loan and Advances ( p.a. on daily basis)**

| Floating Loan and Advances (p.a. on daily basis) | Premium over base rate (% p.a.) (As per category of Internal Risk Grading Guideline) | | |
|---|---|---|---|
| Loan Products | Risk Grade A | Risk Grade B | Risk Grade C&D |
| BBusiness Loan (Corporate / SME) | 0.10% - 2.10% | 2.11% - 3.50% | 3.51% - 5.00% |
| Home Loan | 0.10% - 2.10% | 2.11% - 3.50% | 3.51% - 5.00% |
| Private Auto Loan | 0.10% - 2.10% | 2.11% - 3.50% | 3.51% - 5.00% |
| Education Loan | 0.10% - 2.10% | 2.11% - 3.50% | 3.51% - 5.00% |
| H.P. Loan Commercial | 2.00% - 3.50% | 3.51% - 4.00% | 4.01% - 5.00% |
| Personal Loan (Term / OD) | 2.00% - 3.50% | 3.51% - 4.00% | 4.01% - 5.00% |
| Real Estate Loan | 2.00% - 3.50% | 3.51% - 4.00% | 4.01% - 5.00% |
| Loan Against Shares (Fresh) | 2.50% - 4.50% | | |
| Professional Loan | 3.00% - 5.00% | | |
| Gold Loan | 2.50% - 4.50% | | |
| Deprived Sector Loan | up to 2.00% | | |
| Loan to Microfinance (Wholesale Lending) | up to 2.00% | | |
| Loan Against Fixed Deposit | Coupon rate + up to 2.00% | | |
| **Fixed Loan and Advances ( p.a. on daily basis)** | | | |
| Jyoti Auto Loan | 8.49% | | |
| Jyoti Ghar Karja | 8.49% | | |
| Fixed Rate for Personal Natured Term Loan (Other) | 8.99% | | |
| Avg. Base Rate (Baishak 2083 to Ashad 2083) | 5.89% | | |
| Consortium Financing | As per Consortium Decision but not less than Base Rate | | |



## UPPER SYANGE HYDROPOWER LTD.
KATHMANDU, NEPAL

**Condensed Statement of Financial Position (Unaudited)**
**As on 32nd Ashadh, 2083, 4th Quarter F.Y. 2082/83**

| Particulars | This Quarter Ending Ashadh End, 2083 | Immediate Previous Year Ending (Audited) Ashadh End, 2082 |
|---|---|---|
| ASSETS | | |
| A. Non Current Assets | | |
| Property, Plant & Equiptment | 1,525,972 | 1,938,518 |
| Intangible Assets | 437,677,846 | 454,568,376 |
| Project Under Development | - | - |
| Investments | 125,038,375 | 103,337,500 |
| **Total Non Current Assets** | **439,203,818** | **456,506,894** |
| B. Current Assets | | |
| Investments | 125,038,375 | 103,337,500 |
| Cash and Bank | 21,771,322 | 11,596,382 |
| Deposit, Advance & Receivables | 22,478,899 | 54,296,926 |
| **Total Current Assets** | **169,288,596** | **169,230,808** |
| **Total Assets (A+B)** | **608,492,414** | **625,737,702** |
| | | |
| Equity and Liabilities | | |
| C. Equity | | |
| Share Capital | 220,000,000 | 220,000,000 |
| Reserves & Surplus | 217,854 | (17,964,246) |
| **Total Equity** | **220,217,854** | **202,035,754** |
| D. Non Current Liabilities | | |
| Long Term Loan | 323,700,000 | 334,700,000 |
| Employee Benefit Liability | 1,382,206 | 1,352,927 |
| Retention Money Payable | 748,060 | 1,248,060 |
| Deferred Tax Liabilities | 6,901,234 | 1,476,015 |
| **Total Non Current Liabilities** | **332,731,500** | **338,777,002** |
| E. Current Liabilities | | |
| Short Term Loan | 52,541,720 | 46,442,006 |
| Accounts & Others Payables | 3,001,340 | 4,148,735 |
| Provisions | - | 34,334,205 |
| **Total Current Liabilities** | **55,543,060** | **84,924,946** |
| **Total Liabilities (C+D+E)** | **608,492,414** | **625,737,702** |

**Unaudited Condensed Statement of Profit or Loss and Other Comprehensive Income**
**For the quarter ended on 32nd Ashadh 2082, 4th Quarter 2081/82**

| Particulars | This Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Qurater (YTD) | This Quarter | Up to this Qurater (YTD) |
| Revenue from Operation | 10,233,334 | 65,534,331 | 11,906,775 | 51,787,607 |
| Cost of Operation | (901,074) | (3,177,472) | (467,665) | (4,678,770) |
| **Gross Profit/ (Loss)** | **9,332,260** | **62,356,859** | **11,439,110** | **47,108,837** |
| Other Income | 571 | 2,991 | 130,379,700 | 130,380,814 |
| **Total Income/(Loss) from Operation** | **9,332,831** | **62,359,850** | **141,818,810** | **177,489,651** |
| Employee Benefit Expenses | (1,546,718) | (7,445,519) | (1,838,867) | (8,116,062) |
| Depreciation and Amortisation | (4,378,766) | (17,303,075) | (4,307,175) | (17,231,208) |
| Administrative Expenses | (3,473,941) | (8,925,493) | (2,182,064) | (8,690,299) |
| **Operation Profit / (Loss)** | **(66,594)** | **28,685,763** | **133,490,704** | **143,452,082** |
| Finance Cost | (6,193,312) | (26,740,412) | (8,392,445) | (34,654,576) |
| **Profit / Loss Before Staff Bonus** | **(6,259,906)** | **1,945,351** | **125,098,259** | **108,797,506** |
| Staff Bonus | - | (38,907) | - | (2,175,950) |
| **Profit / Loss Before Tax** | **(6,259,906)** | **1,906,444** | **125,098,259** | **106,621,556** |
| Current Tax | - | - | (32,595,176) | (34,334,205) |
| Deferred Tax | - | - | 53,051 | 55,205 |
| **Profit (Loss) For The Year** | **(6,259,906)** | **1,906,444** | **92,556,134** | **72,342,556** |
| Other Comprehensive Income | 16,275,656 | 16,275,656 | - | - |
| **Total Comprehensive Income** | **10,015,750** | **18,182,100** | **92,556,134** | **72,342,556** |

*Notes:*
1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.

**(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन**

**१. वित्तीय विवरण :**

**(क) यस त्रैमासिक अवधिका वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
यस संस्थाले विगतमा लागतमा मापन गरिएका केही लगानीहरूलाई यस त्रैमासिक अवधिदेखि उचित मूल्यमार्फत अन्य आयमा मापन हुने गरी (FVTOCI) वर्गीकरण गरेको छ । यस संस्थाको आ.व.२०८२/८३ को चौथो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

**(ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरू :**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक रु. | ८.२६ | तरलता अनुपात (प्रतिशतमा) | ७९.६७ |
| प्रति शेयर नेतवर्थ रु. | १००.१० | मूल्य आम्दानी अनुपात | ६२.४७ |
| प्रतिशेयर कुल सम्पत्तिको मूल्य रु. | २७६.५१ | | |

**२. व्यवसायिक विश्लेषण:**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस आ.व.२०८२-८३ को बैशाख-असार अवधिसम्ममा गत आ.व. २०८१-८२ को सोही अवधिको तुलनामा विक्रय आम्दानी १४.०६% ले ह्रास भएको छ । यस अवधिमा आम्दानी पूर्ववर्ती वर्षको रु. ११,९०६,७७५ बाट घटेर रु. १०,२३३,३३४ मा आइपुगेको छ ।

**(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना- २४०० कि.वा. को समिक्षा अवधिमा सन्तोषजनक व्यावसायिक उत्पादन भईरहेको छ । यस कम्पनीको लगानी रहेको गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनाको Financial Closure भई भौतिक पूर्वाधारको निर्माण कार्यहरू समेत सुरुवात भईसकेको छ । साथै, सम्पूर्ण शेयरधनीहरूको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउने प्रतिबद्धता रहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण:**
(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।
(ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
(क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।
(ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| शेयर अधिकतम मूल्य रु. | ७२२.४० | शेयरको न्यूनतम मूल्य रु. | ४९९.०० |
| अन्तिम शेयर रु. | ५१६.०० | कारोबार भएको मूल दिन | ६४ |
| कारोबार संख्या | ३०१४ | कारोबार भएको शेयर संख्या | १७५०५० |

**५. समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरु भइसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले विद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रविधिको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरू समाधान गर्न निरन्तर रूपमा अग्रसर रहेको छ ।

**६. संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएका छैनन् ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# संसदीय मर्यादा र विधिको कसी

संसदीय समितिहरूलाई 'मिनि पार्लियामेन्ट' मानिन्छ। कार्यपालिकाका काम–कारबाहीको अनुगमन गर्ने, सरकारलाई जनताप्रति उत्तरदायी बनाउने र भ्रष्टाचार तथा अनियमिततामाथि खबरदारी गर्ने मुख्य जिम्मेवारी यिनै समितिहरूको हो । तर, पछिल्लो समय सार्वजनिक लेखा समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनार र नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीबीच भएको तिखो सवालजवाफ र त्यसपछिका घटनाक्रमले संसदीय मर्यादा, शब्द चयन र विधिको शासनमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

सुरक्षा निकायको पोसाक तथा सामग्री खरिदमा अनियमितता भएको आशंका हुनु र त्यसमाथि जनप्रतिनिधिले प्रश्न उठाउनु स्वाभाविक कार्य हो । राज्यको कोष दुरूपयोग भएको विषयमा छानबिन हुनुपर्छ र दोषी उम्किनु हुँदैन भन्नेमा कुनै दुईमत हुन सक्दैन । तर, प्रश्न कसरी सोधिन्छ र छलफल कुन शैलीमा अगाडि बढाइन्छ भन्ने कुराले संसदीय गरिमाको निर्धारण गर्छ । सांसद सुनारले बैठकमा प्रयोग गरेको भाषा, अभिव्यक्ति शैली र हतारमा कसैलाई दोषी करार गर्ने प्रवृत्तिले विषयको गम्भीरतालाई ओझेलमा पारेर व्यक्तिगत भिडन्तको रूप दिएको देखिन्छ ।

गृहमन्त्री सुधन गुरुङले शुक्रबार कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा आफ्नै पार्टीका सांसदको व्यवहारप्रति प्रश्न उठाए । उनले उजुरी वा आरोपकै भरमा कसैलाई दोषी ठहर गरेर न्यायाधीश नबन्न नमिल्ने बताए । उनले भनेझैं आरोप पुष्टि नभएसम्म कसैको चरित्र हत्या गर्ने अधिकार कसैलाई छैन । संसदीय समिति तथ्य र प्रमाणको आधारमा वस्तुनिष्ठ छलफल गर्ने थलो हो, पपुलिज्म (लोकप्रियतावाद) का लागि राजनीतिक स्टन्ट गर्ने वा सामाजिक सञ्जालमा 'कन्टेन्ट' बनाउने मञ्च होइन ।

अर्कोतर्फ, राष्ट्रको शान्ति सुरक्षाको नेतृत्व गरिरहेका प्रहरी प्रमुखबाट आएको प्रतिवाद र धम्कीपूर्ण भाषा पनि उत्तिकै चिन्ताजनक छ । 'सबैका आरोपको पेटारो खोलिदिएँ भने कोही बस्न सक्दैन' भन्ने आइजिपीको अभिव्यक्ति गैरजिम्मेवार र पदीय मर्यादाविपरीत छ । यदि उनीसँग कसैको गैरकानुनी कामको प्रमाण छ भने त्यसलाई उपयुक्त निकायमा पेस गरिनुपर्छ, अन्यथा संसदीय समितिमा धम्कीको भाषा बोल्नु बहालवाला सुरक्षा प्रमुखलाई सुहाउने विषय होइन ।

सांसद र प्रहरी प्रमुखबीचको यो विवाद गृह मन्त्रालयहुँदै सभामुख डोलप्रसाद अर्यालसम्म पुग्नुले विषयको संवेदनशीलतालाई दर्शाउँछ । सभामुखले समिति बैठकहरूलाई मर्यादित र गहन छलफल हुने मञ्च बनाउने जुन प्रतिबद्धता जनाएका छन्, त्यसलाई व्यवहारमा उतार्न ढिलाइ गर्नु हुँदैन । समिति सभापतिहरूले पनि बैठक सञ्चालन गर्दा नियमावली र मर्यादाको कठोर पालना गराउन आवश्यक छ ।

पोसाक खरिद प्रकरणमा भएको भनिएको अनियमितताको निष्पक्ष र स्वतन्त्र छानबिन हुनैपर्छ । तर, छानबिनको माग गर्दा संसदीय मर्यादा, संवैधानिक सीमा र व्यक्ति सम्मानको ख्याल गरिनुपर्छ । जनप्रतिनिधिहरूले आक्रोश र उत्तेजना छाडेर तथ्यमा आधारित बहस गर्नुपर्छ भने राष्ट्रियसेवक कर्मचारी र सुरक्षा निकायले पनि संसदीय सर्वोच्चताको सम्मान गर्दै संयम अपनाउनुपर्छ । लोकतन्त्रको सुन्दरता नै प्रक्रियागत शुद्धता र संस्थागत गरिमाको संरक्षणमा निहीत हुन्छ ।

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।

# महिला सशक्तीकरण: दिगो विकासको मूल आधार



❑ गम्भीरबहादुर हाडा

> महिलाहरूको राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरणका प्रयासहरू फैलावट र गुणस्तरका दृष्टिले अपर्याप्त रहेका छन् । सशस्त्र द्वन्द्व, लैंगिक हिंसा, एचआइभी/एड्स जस्ता कारणहरूले महिलाका समस्याहरू अझ बढाएका छन् । स्रोत र साधनमा महिलाहरूको पहुँच र नियन्त्रण स्थापना गर्न, विभिन्न प्रकारका विभेद र शोषणको अन्त्य गर्न, गैरकृषि क्षेत्रमा रोजगारीका अवसरहरू वृद्धि गर्न, निर्णय निरूपण प्रक्रियामा महिलाको सहभागितालाई सार्थक बनाउन, महिलाभित्रका असमानतालाई हटाउन र महिलाको योगदानलाई राष्ट्रिय लेखा प्रणालीमा समावेश गर्न अझै पनि धेरै कार्यहरू गर्नुपर्ने अवस्था छ ।

आधुनिक विकासवादी अर्थशास्त्रीहरूले पुरुषका मानवीय विकासमा लगानीभन्दा महिलाका मानवीय पुँजीमा गरिएको लगानी बढी उपलब्धिमूलक हुन्छ भनेका छन् । यसले श्रमिकको उत्पादन तथा उत्पादकत्व वृद्धि गराउँदछ । बालबच्चाहरू कुपोषणबाट बच्दछन् । स्वास्थ्यमा सुधार आउँदछ । पारिवारिक दक्षतामा वृद्धि हुन पुग्दछ । यसबाट परिवार, समाज–समुदाय एवं राष्ट्रले ठूलो प्रतिफल प्राप्त गर्न सक्दछ ।

विकासशील मुलुकका महिलाका सन्दर्भमा एस्टर बोसेरूपले 'केही सीमित पेसागत महिलाहरूले विकास उद्योगको मूलधारमा काम गरिरहेका भए पनि दक्षिणका महिलाहरूमा विकासको नकारात्मक प्रभाव नै परिरहेको हुँदा यसबारेमा बोल्न र लेख्न तथा संगठित प्रत्युत्तर खोजी गर्न सुरु गरियो' भनेका छन् । लैंगिक विकाससम्बन्धी पहुँचका सन्दर्भमा क्यानडियन काउन्सिल फर इन्टरनेसनल कोअपरेसन (सिसिआइसी)ले समानता तथा दिगोपनमा आधारित सहभागितामूलक विकास लक्ष्यलाई अघि सारेको छ ।

बोसेरूपले विकासशील मुलुकमा महिला विकासका बारेमा गहनतम् तथ्य प्रकाश पारेका छन् भने सिसिआइसीले लैंगिक विकासलाई विकासात्मक गतिविधिको सञ्चालनमा अपरिहार्य कारक मानेर विभिन्न रणनीतिक पहुँच प्रस्तुत गरेको छ । यसले आधुनिक युगमा लैंगिक विकासलाई मुलुकको समग्र विकाससँग आबद्ध गर्नका साथै महिला तथा पुरुषको समान सहभागिताको आवश्यकता प्रस्तुत गर्दछ ।

समयअनुसार प्रतिस्पर्धामा सफलता प्राप्त गर्न सक्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण हो । आफ्नो विचारधारा वा सिद्धान्तमाथि नियन्त्रण हासिल गर्ने प्रक्रिया नै सशक्तीकरण हो । शक्तिहीनलाईसक्षम बनाउनु हो । महिला सशक्तीकरण भन्नाले तिनीहरूमा अर्न्तनिहीत शक्तिको बोध गराउनु हो । अथवा तिनीहरूभित्र लुकेको सीप, क्षमता, ज्ञान आदिलाई उजागर गर्नु नै वास्तवमा सशक्तीकरण हो ।

स्रोत र साधनमा पहुँच तथा नियन्त्रण गर्न सक्ने क्षमता नै सशक्तीकरण हो । समग्रमा उल्लेख गर्नुपर्दा सशक्तीकरण भन्नाले आर्थिक, सामाजिक तथा राजनीतिक पक्षमा सहभागिता पहुँच तथा नियन्त्रण, उपभोग गर्न सक्ने, ज्ञान, सीप क्षमताको अभिवृद्धि तथा विकास गर्ने भनेर बुझ्न सकिन्छ । आफूविरुद्ध हुने सबै प्रकारका भेदभाव र अन्यायको अध्ययन अनुसन्धान एवं विश्लेषण गरी त्यसबाट उत्पन्न समस्याको पहिचान गरी सो समस्या समाधान गर्न आफ्नो योगदान र जिम्मेवारी के हुनुपर्दछ भनी उचित निकास पत्ता लगाउने र त्यसतर्फ प्रयास गर्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण हो ।

विकास प्रक्रियामा महिलाहरूलाई समेटेर तथा महिला र विकास प्रक्रियाबीचको सम्बन्धलाई व्यवस्थित गरेरमात्रै साँचो अर्थमा महिलाको विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागी गराउनुपर्ने कुरामा विशेष जोड दिँदै सन् १९८० को दशक पछाडि जेण्डर र विकास अवधारणा देखापरेको हो । जेण्डर र विकास अवधारणामा महिला र पुरुष दुवैको निर्णय प्रक्रियालाई आत्मसात् गर्दै दिगो र समतामूलक विकासमा जोड दिइन्छ । यो अवधारणा समाजवादी नारीवादबाट प्रभावित छ । डब्लुआइडी अवधारणाले मुख्य समस्याको रूपमा संसारको आधा भाग ओगटेका महिलाहरू, विकास प्रक्रियामा नसमेटिनुलाई लिएको छ भने जिएडी अवधारणाले असमान लैंगिक सम्बन्धलाई समस्याको रूपमा लिएको छ । किनभने यस्तो असमान लैंगिक सम्बन्धले विकास कार्यमा महिलाको पूर्ण सहभागिता र समतामूलक विकासलाई असम्भव तुल्याउँछ । यसले समाजमा नारी र पुरुषका लागि भनी तोकिएका भूमिकाहरूमाथि प्रश्न उठाउँछ र किन महिलाहरूलाई सधैं समाज र संस्कृतिले कमसल भूमिकामा सीमित गरेको छ भनी अध्ययन गर्दछ ।

लैंगिक अवधारणा कसरी विकासको मुद्दा बन्न पुग्यो त भन्ने कुरालाई अझ बढी प्रटयाउन सन् १९५० पछि अवलम्बन गरिएको विकासका प्रक्रियालाई उल्लेख गर्नु उपयुक्त हुन्छ । त्यसो त के १९५० अघि समाजमा लैंगिक असमानता, दमन, शोषण थिएन भन्ने प्रश्न उठ्न सक्दछ । सन् १९५० भन्दा अघि समाजमा लैंगिक असमानता थियो । तर व्यवस्थित विकासको प्रयास अवलम्बन गरिएको थिएन । सन् १९५० पछि आधुनिकीकरणको सिद्धान्तअनुरूप विकास प्रक्रिया अवलम्बन गरियो तर ७० को दशकमा आइपुग्दा समाजमा धनी र गरिबको गहिरो खाडल सिर्जना भयो ।

सशक्तीकरण एउटा त्यस्तो संयन्त्र हो, जसले असमान शक्ति संरचनाका कारण पछाडि र कमजोर अवस्थामा रहेका व्यक्ति, समूह, वर्ग, समुदायलाई सशक्त र गतिशील बन्न सघाउँछ । मूलतः सामाजिक सशक्तीकरण (शिक्षा, स्वास्थ्य, सीप, खानेपानी, मर्यादा, सामाजिक स्तर, सामाजिक सबलता, सामाजिक सहभागिता), आर्थिक सशक्तीकरण (रोजगारी, बजार, उत्पादनशील सम्पत्ति, वित्तीय क्षमता प्राविधिक) र राजनीतिक सशक्तीकरण (मताधिकार, आवाजहरूको सुनुवाइ, अभिमत, सामूहिक कार्य, कानुनी सशक्तीकरण, सहभागिता, जागरुक तथा परिचालन क्षमता) को संयोजनलाई दिगो सशक्तीकरण भनिन्छ ।

सामान्यतः सशक्तीकरणले मानिस रहेको क्षमताको गतिशीलता तथा परिचालनलाई बुझाउँछ । मानिसमा अन्तरनिहीत शक्तिलाई सशक्त बनाई प्रस्तुत गर्ने प्रक्रिया नै सशक्तीकरण हो । यसले शक्तिको रूपान्तरणलाई पनि बुझाउँछ । विभिन्न स्रोत र साधनको परिचालन तथा त्यसमाथि अधिकार प्राप्त गर्न असमर्थ भएकाहरूलाई सामर्थ्य बनाउने प्रक्रियालाई जोड दिन्छ । यो स्रोत र साधन छनोट गर्ने स्वतन्त्रता र त्यसमाथि रहने अधिकारको प्रवर्द्धन हो । साथै जीवनका विकल्पहरूको छनोट गर्ने जनताको योग्यता/क्षमताको विस्तारलाई पनि सशक्तीकरणले प्रस्ट्याउँछ ।

परम्परादेखि असमान अवस्थामा रहेको महिलाहरू सर्वप्रथम सन् १९०८ मा दासताकोविरुद्ध संघर्षमा उत्रेको पाइन्छ । सन् १९६० को दशकमा देखापरेको नारी आन्दोलनले विश्वमा प्रभाव पार्दै गयो । विकास कार्यमा महिलाहरूको विकास हुन नसकेको सन्दर्भलाई नियाल्दै १९७० को दशकको प्रारम्भदेखि नै विकासमा महिला रणनीति देखापर्‍यो । यो रणनीतिले समाजमा हरेक क्षेत्रमा महिला समानता हुनुपर्दछ भनी महिलाहरूसम्बन्धी नीति बनाउने र महिला क्रियाकलापमा जोड दिएको पाइन्छ ।

नेपालमा गरिबी, अशिक्षा, कुरीति, कुसंस्कार, पितृसत्तात्मक सोच, भेदभावजस्ता कारणहरूले गर्दा समाजमा पिछडिएका तथा सीमान्तकृत वर्ग र खासगरी महिलामाथि भेदभाव तथा हिंसाका घटनाहरू भइरहेको मानिन्छ । लैंगिक हिंसा जुनसुकै रूपमा अभिव्यक्त भएता पनि यो नैतिकताका दृष्टिमा अनैतिक, कानुनी दृष्टिमा गैरकानुनी अपराध र मानवअधिकारको दृष्टिमा अमानवीय र स्तन्त्रताको ठाडो उल्लंघनसमेत हो । यसले व्यक्ति, परिवार, समुदाय एवं राज्यलाई ठूलो नोक्सान पुर्‍याउँछ । विगत केही समयदेखि लैंगिक हिंसा र भेदभावको अन्त्य गरी समाजमा रहेको पिछडिएका र सीमान्तकृत वर्ग तथा समुदाय, खासगरी महिला, बालबीलिकाहरूको सशक्तत्तीकरण गर्दै समावेशी राज्य निर्माणको सवाललाई प्राथमिकता दिइएको छ ।

महिलाविरुद्धका सबै विभेद र हिंसाको अन्त्य गरी उनीहरूका हक अधिकारको संरक्षण एवं प्रवर्द्धनका लागि राज्यले अधिकारवादी अवधारणाको अवलम्बन गरी नीतिगत, कानुनी र संस्थागत सुधारका साथै विकास कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विभेदकारी कानुनहरूमा संशोधन गर्ने, महिला सहभागिता बढाई आयआर्जन तथा स्रोत साधनमाथि महिलाहरूको पहुँच एवं नियन्त्रणमा वृद्धि गर्ने प्रयत्नसमेत हुँदै आएका छन् । आरक्षण, घरेलु प्रथा, परम्पराजन्य हिंसाहरूकाविरुद्ध सचेतना, हिंसाबाट प्रभावित महिलाका लागि परामर्श तथा उपचार र कानुनी सहयोग, द्वन्द्व समाधान तथा शान्ति स्थापनाको प्रक्रियामा महिलाहरूको सहभागिता, सीप तथा क्षमता विकासका कार्यक्रमहरू, लैंगिक उत्तरदायी बजेट प्रणालीलगायतका कार्यक्रमको कार्यान्वयनबाट पनि महिलाहरूको जीवनस्तर सुधारमा महत्त्वपूर्ण उपलब्धिहरू भएका छन् ।

यी उपलब्धिहरूका बाबजुद महिलाहरूको राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरणका प्रयासहरू फैलावट र गुणस्तरका दृष्टिले अपर्याप्त रहेका छन् । सशस्त्र द्वन्द्व, लैंगिक हिंसा, एचआइभी/एड्स जस्ता कारणहरूले महिलाका समस्याहरू अझ बढाएका छन् । स्रोत र साधनमा महिलाहरूको पहुँच र नियन्त्रण स्थापना गर्न, विभिन्न प्रकारका विभेद र शोषणको अन्त्य गर्न, गैरकृषि क्षेत्रमा रोजगारीका अवसरहरू वृद्धि गर्न, निर्णय निरूपण प्रक्रियामा महिलाको सहभागितालाई सार्थक बनाउन, महिलाभित्रका असमानतालाई हटाउन र महिलाको योगदानलाई राष्ट्रिय लेखा प्रणालीमा समावेश गर्न अझै पनि धेरै कार्यहरू गर्नुपर्ने अवस्था छ । संस्थागत व्यवस्थालाई सुदृढीकरण गर्न पर्याप्त मात्रामा भौतिक, वित्तीय एवं मानवीय स्रोत प्रदान गर्न जरुरी छ ।

# संघर्ष र मानवीय संवेदनाको काव्यिक अभिव्यक्ति 'आँसु कहिल्यै रित्तिदैन'



❑ पुष्पराज गिरी

साहित्यको काव्यविधा मानवमनका सूक्ष्म अनुभूति, संवेदना, आकांक्षा र जीवनबोधलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने प्रभावकारी माध्यम हो । कविता केवल शब्दहरूको संयोजनमात्र होइन, अनुभूतिको कलात्मक अभिव्यक्ति पनि हो । यसमा निहीत लय, भाव, गेयात्मकता र श्रुतिमधुरताले पाठक तथा श्रोताको मनमा विशेष प्रभाव पार्छ । सच्चा कविताले दुःखमा सान्त्वना दिन्छ, निराशामा आशा जगाउँछ र जीवनप्रतिको दृष्टिकोणलाई फराकिलो बनाउँछ । मनभित्र दबिएका अनुभूतिलाई शब्दमा उतार्दै मानव जीवनका अनेक आयाम उद्घाटित गर्नु कविताको मूल शक्ति हो ।

यही काव्यिक साधनामार्फत नेपाली साहित्यमा आफ्नो सिर्जनात्मक उपस्थिति जनाउँदै आएका सर्जक हुन्, सनत गिरी 'गाउँले' । वि.सं. २०३० सालमा काठमाडौंको दहचोकमा जन्मिएका गिरी नेपाली पत्रकारिता क्षेत्रमासमेत परिचित व्यक्तित्व हुन् । लामो समयदेखि विभिन्न राष्ट्रिय दैनिक तथा रेडियोमा आबद्ध रही पत्रकारितामा क्रियाशील उनले सञ्चारकर्ममार्फत सामाजिक क्षेत्रमा पनि योगदान पुर्‍याउँदै आएका छन् । समसामयिक राजनीतिक, सामाजिक तथा मानवीय विषयमाथि विश्लेषणात्मक र विवेचनात्मक लेखन गर्नु उनको पत्रकारितागत विशेषता हो ।

पत्रकारितासँगै साहित्य सिर्जनामा निरन्तर सक्रिय गिरीले कथा, नाटक, गीत, गजल, कविता तथा लघुकाव्यजस्ता विविध विधामा कलम चलाएका छन् । विशेषतः गीत र कविता लेखनप्रति उनको लगाव बढी देखिन्छ । गिरीका हालसम्म 'तिम्रो लागि', 'सुनगाभा गीत गजल संग्रह', र 'परदेशी' लघुकाव्य प्रकाशित छन् । पछिल्लोपटक प्रकाशित 'आँसु कहिल्यै रित्तिदैन' उनको चौथो कृति हो । देव ग्रुप प्रालिका प्रमुख कार्यकारी अधिकृत नविन सिलवालले यो कृति प्रकाशनमा ल्याएका छन् ।

कविता संग्रहमा विभिन्न भावभूमि र विषयवस्तु समेटिएका ५० वटा कविता संग्रहित छन् । गिरीको काव्यलेखनको प्रमुख विशेषता सरलता, भावुकता र सहज सम्प्रेषणीयता हो । उनी अत्यन्त जटिल विम्ब, दुर्बोध प्रतीक र दुरूह शब्दावलीको प्रयोगभन्दा आमपाठकले सहजै बुझ्नसक्ने भाषामार्फत मनका अनुभूति व्यक्त गर्न रुचाउँछन् । उनका कवितामा प्रेम, वियोग, दुःख, संघर्ष, सामाजिक करुणा, स्मृति, आत्मविश्वास, आशा, मानवता र जीवनप्रतिको सकारात्मक दृष्टिकोण बारम्बार अभिव्यक्त भएका छन् । यस अर्थमा 'आँसु कहिल्यै रित्तिदैन' मानवीय संवेदनाका अनेक तहलाई सरल शब्दमा उद्घाटित गर्ने काव्यकृति हो ।

संग्रहको शीर्षक कविता 'आँसु कहिल्यै रित्तिदैन'मा कविले आँसुलाई मानवीय संवेदनाको स्वाभाविक अभिव्यक्तिका रूपमा प्रस्तुत गरेका छन्-

*दुःख पर्दा*
*आँसु नआएर के आउँछ*
*चोट पर्दा आँसु नआएर के आउँछ*
*आँसु कहिल्यै रित्तिदैन ।*
*आँसुले दुःखमा पनि सन्तुष्टि दिँदो रहेछ*

यहाँ आँसु केवल दुःख र पीडाको बाह्य अभिव्यक्ति होइन, मनभित्रको बोझलाई हलुका बनाउने भावनात्मक माध्यमका रूपमा आएको छ । 'आँसुले दुःखमा पनि सन्तुष्टि दिँदो रहेछ' भन्ने अभिव्यक्तिले रोदनलाई कमजोरीका रूपमा होइन, मनको पीडा विसर्जन गर्ने स्वाभाविक प्रक्रियाका रूपमा ग्रहण गरेको देखिन्छ । मानिसमा संवेदना रहुञ्जेल आँसु पनि रहिरहन्छ भन्ने गहिरो जीवनदृष्टि शीर्षक कविताले बोकेको छ । यस्तैगरी 'अतीत' कवितामा कविले विगतको दुःख वा सुखमा अत्यधिक अल्झिनुभन्दा वर्तमानलाई सार्थक बनाउने विचार प्रस्तुत गरेका छन्-




*अतीतमा दुःख भयो भनेर रुनु किन ?*
*अतीतमा दुःख भए*
*वर्तमानमा सुख हुन सक्छ ।'*

यी हरफले जीवन निरन्तर परिवर्तनशील रहेको सत्यलाई सरल ढंगले व्यक्त गरिरहेका छन् । अतीतको दुःखलाई बोकेर वर्तमान नष्ट गर्नु हुँदैन, न त विगतको सुख र सफलतामै गर्व गरेर वर्तमानप्रतिको जिम्मेवारी बिर्सनु उचित हुन्न । विगतबाट शिक्षा लिँदै वर्तमानमा सक्रिय र सचेत हुनुपर्छ भन्ने सकारात्मक सन्देश यस कविताको मूल पक्ष हो । यस्तै 'जित हार' कविता जीवन संघर्ष र आत्मविश्वासको अभिव्यक्ति हो । 'हारलाई पनि जितमा बदल्नुपर्छ, आँसुलाई हाँसोमा बदल्नु पर्छ' भन्ने भावले असफलतालाई अन्तिम परिणति नभई आगामी सफलताको आधारका रूपमा लिन प्रेरित गर्छ । जीवनमा हार र जित दुवै स्वाभाविक भए पनि हारपछि फेरि उठ्ने साहस नै मानिसको वास्तविक शक्ति हो भन्ने कविको विश्वास यहाँ प्रकट हुन्छ । निराशा, निस्क्रियता र पलायनभन्दा संघर्ष, परिश्रम र आत्मबललाई प्राथमिकता दिनु यस कविताको जीवनदृष्टि हो ।

पत्रकारिताबाट प्राप्त सामाजिक यथार्थबोधले पनि उनका कवितामा यस्ता भावभूमिलाई बल दिएको अनुमान गर्न सकिन्छ । यस्तै 'अठोट' संग्रहको अर्को प्रेरणामूलक कविता हो । 'साथी तिमी पनि अठोट गर, आफूले आँटेको पूरा गर' भन्ने आह्वानले मानिसलाई लक्ष्यप्रति प्रतिबद्ध, परिश्रमी र कर्मशील हुन प्रेरित गर्छ । 'तिमीले चन्द्रमामा पुग्ने लक्ष्य राख' भन्ने पंक्तिले सामान्य सीमाभन्दा बाहिर पुगेर ठूलो सपना देख्न सिकाउँछ । 'मुठी रोपे मुरी पाइन्छ' जस्तो लोकप्रचलित अभिव्यक्तिको प्रयोगले परिश्रम र प्रतिफलबीचको सम्बन्धलाई जनजीवनसँग जोडेर प्रभावकारी बनाएको छ । यसबाट कविको आशावादी जीवनदृष्टि स्पष्ट हुन्छ ।

भाषाशैलीका दृष्टिले 'आँसु कहिल्यै रित्तिदैन' सरल, सहज, भावप्रधान र संवादात्मक प्रकृतिको कविता संग्रह हो । बोलचालको भाषासँग निकट शब्दावलीले कवितालाई आमपाठकसम्म सहजै पुर्‍याएको छ । कतिपय कवितामा कलात्मक विम्ब, प्रतीक र भाषिक कसावटभन्दा भावनाको प्रत्यक्ष अभिव्यक्तिले बढी स्थान पाएको छ । साहित्यिक परिस्कारका दृष्टिले केही रचनालाई अझ संक्षिप्त, प्रतीकात्मक र कलात्मक बनाउन सकिने सम्भावना देखिए पनि सरल अभिव्यक्ति नै कविको आफ्नोपन बनेको छ ।

समग्रमा, 'आँसु कहिल्यै रित्तिदैन' केवल पीडा र आँसुको अभिलेख होइन, यो संघर्ष, प्रेम, वियोग, स्मृति, सामाजिक करुणा, आत्मविश्वास र आशाको काव्यिक अभिव्यक्ति हो । यसमा जीवनका चोटहरू छन्, तर ती चोटले कविलाई निराशाको अँध्यारोमा पुर्‍याउँदैनन् । उनी हारबाट जिततर्फ, आँसुबाट हाँसोतर्फ, अतीतबाट वर्तमानतर्फ र निराशाबाट अठोटतर्फ पाठकलाई डोर्‍याउँछन् । मानिस संवेदनशील रहुञ्जेल 'आँसु कहिल्यै रित्तिदैन' तर जीवनको सार आँसु नझार्नुमा होइन, झरेका आँसुलाई अनुभव, शक्ति र जीवनबोधमा रूपान्तरण गर्न सक्नुमा छ । यही सकारात्मक तथा मानवतावादी दृष्टिकोण 'आँसु कहिल्यै रित्तिदैन' कविता संग्रहको सबैभन्दा उल्लेखनीय उपलब्धि र प्रमुख सन्देश बनेको छ ।



**ग्यासकै पिरलो** | दाङको घोराही उपमहानगरपालिका–१४ स्थित अशिका सप्लायर्समा ग्यास लिन शनिबार बिहानैदेखि सिलिण्डर लाइनमा राखेर पालो कुर्दै गरेका उपभोक्ता । *तस्बिरः रासस*

# लिदिङखोला मोटरेबल पुलः जोखिमपूर्ण यात्रा गर्छन् स्थानीय



**खोटाङ–** ऐसेलुखर्क गाउँपालिका-३ ऐसेलुखर्क बजार र ऐसेलुखर्क-१ राखाबाङ्देलको सिमानामा पर्ने लिदिङखोलामा दुई वर्षभित्र बन्नुपर्ने मोटरेबल पक्की निर्माण नहुँदा स्थानीयले जोखिमपूर्ण यात्रा गरिरहेका छन् । दुई वर्षमा बन्नुपर्ने पुल छ वर्षसम्म नबनेपछि स्थानीयसहित विद्यार्थीलाई सास्ती हुँदै आएको हो ।

कच्ची सडकमार्फत हिउँदको समयमामात्र यातायात सञ्चालन हुँदै आएको लिदिङखोलामा मोटरेबल पुल २०७९ भदौ २४ गतेभित्र सम्पन्न गर्ने गरी २०७७ फागुन २८ गते ठेक्का लगाइएको थियो । निर्माण कम्पनी पुष्पाञ्जली-जिम्बा जेभीको ढिलासुस्तीका कारण हालसम्म यहाँ पक्की पुल बन्न नसकेको हो ।

छिमेकी जिल्ला सोलुखुम्बुको महाकुलुङ गाउँपालिका नजिक रहेको राखाबाङ्देलबाट आफ्नो गाउँपालिकाको केन्द्र ऐसेलुखर्क बजार तथा सदरमुकाम दिक्तेल जानआउन यही लिदिङखोला पार गर्नुपर्छ । तर लिदिङखोलामा मोटरेबल पक्की पुल नहुँदा चार पांग्रे यातायातका साधन वारपार गर्ने अवस्था छैन । पैदल तथा मोटरसाइकल वारपार गराउन काठको साँघु निर्माण गरिएको स्थानीय बताउँछन् ।

स्थानीयद्वारा निर्मित लिदिङखोलाको साँघु भाँचिदा पटक-पटक दुर्घटना हुने गरेको सेलुखर्क-१ का वडाध्यक्ष पुरुषोत्तम राजभण्डारीले बताए । 'निर्माणस्थलमा पुलको दुईवटा स्तम्भ ठडिएको देखिन्छ । यो पुल निर्माणका लागि पाँचौंपटक म्याद थप गरियो । अन्तिमपटक थप गरिएको म्याद आगामी पुस ३० गते सकिँदैछ,' उनले भने, 'लिदिङखोलामा पक्की पुल निर्माणका लागि गाउँपालिकाले चालु आर्थिक वर्ष दुई करोड १० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । तर, ठेकेदारको लापरवाहीका कारण अहिलेसम्म काम अगाडि बढेको छैन । यसमा सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।'

कोशी प्रदेश सरकारको ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत लागत साझेदारीमा लिदिङखोलामा पुल बनाउनेगरी ठेक्का लगाइएको थियो । ठेकेदार कम्पनीको लापरवाहीले सुरुमा काम नभएपछि प्रदेश सरकारबाट विनियोजन भएको ५० लाख रूपैयाँ बजेट फ्रिज भएर गएको वडाध्यक्ष राजभण्डारीले जानकारी दिए ।

ठेकेदार कम्पनीको लापरवाहीका कारण काम नहुँदा व्यायभार गाउँपालिका एक्लैले खेप्नुपरेको गाउँपालिकाका प्रमुख गीरेन्द्रबहादुर राईले जानकारी दिए । 'यहाँ समयमा पुल निर्माण गर्नका लागि गाउँपालिकाले पर्याप्त बजेट उपलब्ध गराएको छ । तर ठेकेदार कम्पनीको लापरवाहीका कारण छ वर्ष बितिसक्दा पनि अलपत्र छ,' उनले भने, 'समयमा काम नसक्दा स्थानीयले यात्रामा सास्ती खेप्दै आएका छन् । पछिल्लोपटक थप गरिएको म्यादमा पनि ठेकेदार कम्पनीले काम नगरेको खण्डमा कानुनी कारबाही गर्छौं ।'

पुल निर्माणका लागि पहिले बगिरहेको खोलाको पानीलाई धार परिवर्तन गरेर अर्कोपट्टी लगाइएको छ । खोलाको धार परिवर्तन गरिएकाले हिउँद/वर्षा जुनसुकै समयमा पनि कामलाई अवरोध हुँदैन । ठेकेदारको लापरवाहीले निर्माणाधीन मोटरेबल पक्की पुलको काम ढिलाइ हुँदा आफूहरू समस्यामा परेको स्थानीयले गुनासो गरेका छन् ।

पछिल्लोपटक थप भएको म्यादभित्र स्ल्याब ढलानसहित सम्पूर्ण काम सम्पन्न गरेर गाउँपालिकालाई पुल हस्तान्तरण गर्ने योजना रहेको ठेकेदार कम्पनीका आधिकारिक प्रतिनिधि डेबिट राईले बताए । 'स्तम्भ निर्माण सकिएको छ । स्ल्याब ढलानका लागि गिटी र बालुवा निर्माणस्थलमा झारिसकेका छौं,' उनले भने, 'वर्षाका कारण अहिले सबै सडक अवरुद्ध छ । हिउँद लाग्नासाथ फलामे डण्डी र सिमेन्ट निर्माणस्थलमा झारेर स्ल्याब ढलानको काम गर्छौं ।'

लिदिङखोलामा निर्माणाधीन कारण २६.२० मिटर लामो मोटरेबल पक्की पुलका लागि निर्माण व्यवसायीले हालसम्म एक करोड १४ लाख २८ हजार रूपैयाँ भुक्तानी लिइसकेको गाउँपालिकाले जनाएको छ । छिमेकी जिल्ला सोलुखुम्बुका स्थानीयलाई समेत लक्षित गरेर निर्माण सुरु गरिएको उक्त पुल तीन करोड २० लाख १८ हजार रूपैयाँमा निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको थियो । *रासस*

# गुल्मीका वन्यजन्तुपीडित किसानले तीन वर्षपछि पाए क्षतिपूर्ति

**गुल्मी–** वन्यजन्तुबाट पशुधनमा क्षति व्यहोरेर लामो समयदेखि राहतको पर्खाइमा रहेका गुल्मीका किसानले तीन वर्षपछि क्षतिपूर्तिबापत राहत रकम प्राप्त गरेका छन् । जिल्लास्थित डिभिजन वन कार्यालयका अनुसार किसानलाई क्षतिपूर्तिबापत नौ लाख ६४ हजार रूपैयाँ उपलब्ध गराइएको छ ।

कार्यालयले संकलित क्षतिको निवेदनअनुसार हालसम्म ७३ जना पशुधनमा क्षति पुगेका र एक जना मानवीय घाइते भएकासहित ७४ जनालाई उक्त राहत रकम उपलब्ध गराएको डिभिजन वन कार्यालयका सूचना अधिकारी मदन सापकोटाले जानकारी दिए । उनका अनुसार २०८० साउनदेखि २०८२ कात्तिकसम्म वन्यजन्तुबाट भएको क्षतिको विवरण संकलन गरिएको हो ।

उक्त अवधिमा वन्यजन्तुको आक्रमणबाट जिल्लामा ९६ बाख्रा, १५ पाडा र एउटा कुखुरामा क्षति पुगेको उनले बताए । वन्यजन्तुले बालीनाली तथा पशुधनमा क्षति पुऱ्याए पनि लामो समयसम्म राहत नपाउँदा किसानले राहतका लागि पटक-पटक डिभिजन वन कार्यालयमा ध्यानाकर्षण गराउँदै आएका थिए ।

वन्यजन्तुबाट क्षति भएपछि राहतका लागि निवेदन दिएको लामो समयपछि आफूले राहत रकम पाएको मदाने गाउँपालिका-४ का किसान लालबहादुर घर्तीले बताए । 'निवेदन दिएको दुई वर्ष हुँदा पनि राहत नआएपछि आशा मर्दै गएका थियौं । ढिलो गरी आए पनि खुसी लाग्यो,' उनले भने ।

पछिल्लो समयमा जिल्लाका ग्रामीण क्षेत्रमा चितुवा, बाँदर, बँदेललगायत वन्यजन्तुले पशुधन तथा बालीनालीमा क्षति पुऱ्याउने क्रम बढ्दै गएको सूचना अधिकारी सापकोटाले बताए । उनका अनुसार जिल्लामा सबैभन्दा बढी चितुवाको आक्रमणबाट किसानले क्षति व्यहोर्दै आइरहेका छन् ।

वरिष्ठ वन अधिकृतसमेत रहनुभएका सापकोटाले जिल्लामा किसानले पशुधनको क्षतिबापतको राहत रकम प्राप्त गरे पनि वन्यजन्तुबाट बालीनालीमा पुगेको क्षतिको राहत भने हालसम्म उपलब्ध नभएको बताए । उनले २०८० देखि यससम्बन्धी राहतका लागि निवेदन आए पनि बालीनाली क्षतिबापतको रकम निकासा हुन नसकेको उल्लेख गरे ।

राहत रकम प्राप्त गर्नका लागि वन्यजन्तुबाट पीडित किसानले दिएको निवेदनका आधारमा जिल्लामा रहेको मूल्यांकन समितिमार्फत प्रदेश वन निर्देशनालयमा सिफारिस गरी पठाउने प्रावधान रहेको डिभिजन वन कार्यालयले जनाएको छ । *रासस*

# संरक्षणको अभावमा जीर्ण बन्दै कान्तिताल

**राँझा (बाँके)–** नेपालगञ्ज उपमहानगरपालिका-२२ पुरैनीस्थित कान्तिताल संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । नेपालगञ्जको प्रमुख पर्यटकीय क्षेत्रका रूपमा रहेको ताल यतिबेला झाँडी, बुटचान फैलिएर कुरूप बन्दै गएको छ ।

स्थानीय चक्र बुढाले भने, 'सौन्दर्यताका लागि नेपालगञ्ज उपमहानगरले करोडौं खर्च गरेर निर्माण गरेको रेलिङ भत्किएका छन् । सुरक्षाका लागि सरोकार भएका निकायलाई पटक-पटक खबर गरे पनि हालसम्म सुनुवाइ भएको छैन ।' कान्तितालमा विभिन्न पक्षीहरूको बासस्थान रहेकाले संरक्षणकर्मी तथा पर्यावरण संरक्षणमा चासो राख्नेले आवाज उठाइरहेका बेला तालको संरक्षणमा भने सरोकार भएका निकायले चासो नदिँदा समस्या भएको स्थानीय बताउँछन् ।




नेपालगञ्ज उपमहानगरले ताल संरक्षण गरी पर्यटकीयस्थल बनाउन १० करोड रूपैयाँ खर्चेको कान्तिताल संरक्षणको अभावमा कुरूप र जीर्ण बन्दै गएको स्थानीय बुढाको भनाइ छ । ताल क्षेत्र अहिले लागुऔषध दुर्व्यसनीको जमघटस्थल बनेको भन्दै रातको समयमा शंकास्पद गतिविधि हुने गरेका स्थानीयको गुनासो छ ।

तालको नियमित रेखदेख र सरसफाइको अभावमा करोडौंको लगानी गरिएको आयोजना अनुत्पादक र जीर्ण अवस्थामा पुगेको छ । नेपालगञ्ज उपमहानगरले वि.सं. २०७५ मा कान्तिताललाई व्यवस्थित गरेर पर्यटकीयस्थलका रूपमा विकास गर्ने योजना अघि बढाएको थियो ।

ताल सञ्चालनका लागि वार्षिक २८ लाख रूपैयाँ उपमहानगरलाई राजस्व बुझाउनेगरी ठेक्का लिएका ठेकेदार फनबहादुर गुरुङले लागुऔषध प्रयोगकर्ताहरूले रेलिङ तोडफोड गरेका हुनसक्ने बताए । यस विषयमा वास्तविकता खोजी गरिने उनको भनाइ छ ।

यसैबीच, नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले कान्तिताललाई व्यवस्थित गर्न उपमहानगरले नयाँ योजना बनाइरहेको बताए । विगतमा ताल संरक्षणका लागि बनाइएका योजना सफल हुन नसकेकाले सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरी प्रभावकारी योजना बनाइ संरक्षणका लागि लागू गरिने उनको भनाइ छ । *रासस*

# कुहिरोबाट पिउने पानी संकलन गरेर वितरण



**ओखलढुंगा–** ओखलढुंगाको खिजीदेम्बा गाउँपालिका-५ स्थित मेले गुम्बा टोलमा कुहिरोबाट स्वच्छ पिउने पानी संकलन गरेर वितरण गरिएको छ । करिब ३० वर्षअघि इलामसहित पूर्वी क्षेत्रमा प्रयोग गरिएको यो प्रविधिलाई आधुनिकरूपमा उपयोग गर्दै कुहिरोबाट पानी संकलन गरिएको हो ।

समुद्र सतहबाट करिब दुई हजार ३३० मिटरको उचाइमा रहेको मेले गुम्बा टोलमा भू-उपग्रह अध्ययनमार्फत निरन्तर कुहिरा लागिरहने स्थान पहिचान गरिएको थियो । खिजीदेम्बा गाउँपालिकाको समन्वय तथा जर्मनीको संस्थाअन्तर्गतको जिआइजेड-आइकेआई ग्रान्ट (जर्मन सरकारद्वारा जलवायु परिवर्तन, जैविक विविधता र वातावरण संरक्षणका क्षेत्रमा काम गर्न प्रदान गरिने अनुदान) को आर्थिक सहयोगमा दि स्मल अर्थ (सेन) नेपालले यो प्रयोगात्मक अनुसन्धान आयोजना सम्पन्न गरेको हो ।

करिब एक करोड रूपैयाँको लागतमा आयोजना निर्माण गरिएको स्मल अर्थ नेपालले जनाएको छ । उक्त आयोजना स्थानीयको खानेपानी अभाव पूरा गर्न कुहिरोबाट पानी संकलन गर्ने सम्भाव्यता अध्ययन गरी अनुसन्धान गर्न सञ्चालन गरिएको आयोजना रहेको अनुसन्धान टोलीकी सदस्य डा. निरिना खड्गीले बताइन् । उनका अनुसार करिब दुई वर्षमा आयोजना सम्पन्न गरिएको हो ।

'यो आयोजना विशेषगरी हिउँद समयलाई ध्यानमा राखेर सञ्चालन गरिएको हो । यो प्रविधिले वर्षाको पानी पनि संकलन गर्न उपयुक्त देखिएकाले कुहिरो र वर्षाको पानीसमेत संकलन गर्ने व्यवस्था मिलाएका छौं,' उनले भनिन्, 'अहिले मनसुनका कारण ट्याांकी भरिएर पानी पोखिने अवस्था भइरहेको छ । तर, यसको प्रभावकारिता हेर्न भने हिउँदयाम कुर्नुपर्ने हुन्छ ।'

अनुसन्धानकर्ता डा. खड्गीका अनुसार उक्त आयोजनामा १० वटा 'फग हार्भेस्टिङ युनिट' जडान गरिएका छन् । 'यो जडान गर्न विशेष जालीको आवश्यकता पर्छ । घाम र मौसमी प्रतिकूलताबाट चाँडै नबिग्रिने 'युभीट्रिटेड' (पराबैजनी किरणको असर रोक्न वा सहनसक्ने गरी विशेष प्रक्रियाद्वारा तयार गरिएको वस्तु) जाली चीनबाट आयात गरिएका हुन् । अन्य सामग्री भने नेपालमै खरिद गरिएको हो,' उनले भनिन् ।

यी सामग्रीको जडानबाट जालीमा अडिएका कुहिरोका कणहरू थोपा बनेर खस्ने जनाउँदै अनुसन्धानकर्ता डा. खड्गीले त्यसलाई संकलन गरी २००/२०० लिटरका टयांकीमा पठाउने व्यवस्था मिलाइएको उल्लेख गरिन् । उनका अनुसार संकलित पानीलाई पिउनयोग्य बनाउन प्राकृतिक जैविक विधि 'बायो स्याण्ड फिल्टर' प्रयोग गरिएको छ ।

उक्त फिल्टरमा बालुवा र गिट्टीको तह प्रयोग गरी पानी शुद्धीकरण गर्ने संरचना निर्माण गरिएको अनुसन्धानकर्ता डा खड्गीले जानकारी दिइन् । शुद्धीकरण गरिएको पानी दुई हजार लिटर क्षमताको मुख्य टयांकीमा संकलन गरी उपभोक्तालाई वितरण गरिएको उनले बताइन् ।

नवीकरणीय र वातावरणमैत्री प्रणालीलाई ध्यान दिँदै सिमेन्ट र प्लास्टिकको प्रयोग नगरी कपास तथा सालको पात प्रयोग गरेर खेर जाने पानी संकलन गर्ने तीनवटा प्राकृतिक पुनर्भरण पोखरीसमेत निर्माण गरिएको अनुसन्धानकर्ता डा. खड्गीले जानकारी दिइन् । उनका अनुसार यस प्रविधिबाट संकलन भएको पानीले २०७२ को भूकम्पपछि मुहान सुकेर समस्या खेप्दै आएका साम्तेन छ्योलिङ गुम्बा, गेल्जे लामा स्मृति बौद्ध अध्ययन केन्द्र तथा आसपासका नौ घरधुरीलाई स्वच्छ पिउने पानी उपलब्ध गराइएको छ ।

आयोजनाअन्तर्गत जल उपभोक्ता समितिका अध्यक्ष दावाछिरिङ शेर्पाका अनुसार पानीको अभावले गुम्बामा पूजा रोकिएको थियो । यो आयोजना सञ्चालनमा आएपछि अहिले गुम्बामा दुईपटक पूजा सम्पन्न भइरहेको छ । पानीको अभावले बन्द भएको गुम्बा पनि सञ्चालनमा ल्याउने तयारीमा रहेको उनले बताए ।

खिजीदेम्बा गाउँपालिकाका अध्यक्ष गम्बु शेर्पाले आयोजना सम्पन्न भएर कुहिरोबाट पानी संकलन हुन थालेपछि स्थानीयलाई राहत भएको बताए । अहिले यहाँका स्थानीयले खानेपानीसँगै सिँचाइमा सोही पानी प्रयोग गर्न थालेका उनको भनाइ छ । वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका स्थानीयवासी कुहिरोबाटै पानी पाउन थालेपछि उत्साहित खुसी भएका छन् । *रासस*

# मिथिलाञ्चलमा सुरु भयो झुला पर्व

**धनुषा–** मिथिलाञ्चलमा शनिबारदेखि झुलोनोत्सव (झुला) पर्व सुरु भएको छ । साउन शुक्ल तृतीयादेखि सुरु भई झुलोनोत्सव पूर्णिमासम्म जारी रहन्छ । झुलोनोत्सवमा मठमन्दिरमा सिंहासन निर्माण गरी सजाइएको गद्दीमा रामसीतासहित देवीदेउताका मूर्ति राखी झुलाउने परम्परा रहिआएको छ ।

मिथिलाको सांस्कृतिक पर्वका रूपमा चिनिने झुलोनोत्सवको सुरुआत सन्त परम्पराको प्रारम्भदेखि भएको पौराणिक मान्यता रहेको जानकी मन्दिरमा छोटे महन्थ रामरोसन दास वैष्णवले बताए । सन्तहरूले खुला चउर वा रुखको छहारीमा बास बसी झोलामा ल्याएको शालिग्रामलाई आसनमा राखी झुलाएको जनविश्वासका आधारमा मिथिलामा अहिलेसम्म पनि झुला उत्सवलाई निकै महत्त्वका साथ हेर्ने गरिएको उनको भनाइ छ ।

मिथिलाका प्रत्येक मठ मन्दिरमा झुलोनोत्सव मनाउने गरिए पनि जनकपुरधामको मठ मन्दिर आकर्षणको केन्द्रका रूपमा मानिन्छ । झुलोनोत्सवमा विशेषगरी भगवान् सीताराम र राधाकृष्णलाई शनिबार साँझदेखि झुलामा झुलाइने परम्परा रहँदै आएको जानकी मन्दिरका छोटै महन्थ दासले बताए ।

जानकी मन्दिरसहित विभिन्न देवीदेवताको प्रतिमा रहेका प्रत्येक मठमन्दिरमा विशेष किसिमका सिंहासन निर्माण गरी सजाइएको गद्दीमा देवीदेवताको प्रतिमा राखी झुलाउने परम्परा छ । यस उत्सवमा जनकपुरधामका मन्दिरबीच उत्सवभर रोचक प्रतिस्पर्धा हुने गर्दछ । एकातर्फ भगवान् राम र जानकीलाई झुलामा राखी झुलाइने गरिन्छ भने अर्कोतर्फ नाटक, नाचगान, भजनकीर्तन र लोक कथा सुनाइने गरिन्छ । *रासस*

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ३०१६०० | प्रति तोला – ० | प्रति तोला – ४६६० |



**पाथीभरा र बादल** | ताप्लेजुङको पाथीभरा जाने पदमार्गबाट शनिबार बिहान देखिएको पहाड र पहाडलाई बादलले ढाकेको दृश्य । पछिल्ला दिनमा पाथीभरा जानका लागि आन्तरिक पर्यटकहरूको संख्या बढ्दै गएको छ ।

*तस्बिर : सन्तोष पुर्कुटी/रासस*

# प्रवासी नेपालीलाई नेपालमा लगानी गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रवासमा रहेका नेपालीलाई नेपालमा ढुक्क भएर लगानी गर्नका लागि आह्वान गरेका छन् । चीनको ग्वाङ्झाउ सहरमा शनिबारदेखि सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) को ११औं एसिया प्यासेफिक सम्मेलनलाई भिडियो सन्देशमार्फत नेपालमा लगानीको वातावरण बन्दै गइरहेकाले ढुक्क भएर लगानी गर्नका लागि अनुरोध गरेका छन् ।

'सरकारले लगानीको माहोल बनाइरहेको छ । देशमै रोजगारीको वातावरण सिर्जना गर्ने वातावरण भइरहेको छ', उनले भने, 'एआई र सूचना प्रविधि क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने गरी नीतिगत रणनीतिहरू कार्यान्वयन भइरहेको छ । त्यसैले पनि नेपालमा ढुक्क भएर लगानी गर्न प्रवासी नेपालीहरूलाई आग्रह गर्दछु ।' मन्त्री वाग्लेले नेपालको पर्यटन, सूचना प्रविधि र ऊर्जा क्षेत्रमा लगानी गर्नका लागि अनुरोध गरेका छन् ।



> 'प्रवासी साथीहरू, अब नेपाल आएर ढुक्कसँग नेपालमा लगानी गर्नुहोस् । पर्यटन, सूचना प्रविधि क्षेत्रमा, हरित ऊर्जा, उच्च मूल्ययुक्त कृषिमा र आयात प्रतिस्थापन हुने क्षेत्रमा लगानी गर्नुहोस्'
>
> ■ डा. स्वर्णिम वाग्ले
> अर्थमन्त्री

'प्रवासी साथीहरू, अब नेपाल आएर ढुक्कसँग नेपालमा लगानी गर्नुहोस् । पर्यटन, सूचना प्रविधि क्षेत्रमा, हरित ऊर्जा, उच्च मूल्ययुक्त कृषिमा र आयात प्रतिस्थापन हुने क्षेत्रमा लगानी गर्नुहोस्', उनले भने, 'सरकारले नतिजा देखिने गरी तीव्र गतिमा काम गरिरहेको छ । बजेटबाट २७ वटा नयाँ कानुनी ऐन ल्याएर लगानीमैत्री वातावरण बनाउन सरकारले काम गरिरहेको छ ।' अर्थमन्त्री वाग्लेले सम्मानजनक रोजगारी सिर्जना गर्न सरकारले विशेष ध्यान दिएको बताए ।

सरकारको आम्दानी बढाउन कर प्रणालीमा सुधार गरेको पनि उनको भनाइ छ । बजेटमार्फत आर्थिक राजकाजको जहाज मोडेको र पहिलो वर्ष सुधारको सुरुआत मात्रै गरेको उनले उल्लेख गरे ।

# दुग्ध उत्पादक किसानलाई अनुदान

**कास्की–** गत आर्थिक वर्षमा सञ्चालित दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममार्फत कास्कीका किसानलाई रु दुई करोड २० लाख प्रोत्साहन अनुदान वितरण गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका अनुसार उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा ४४ लाख लिटर दूध उत्पादन गर्ने लक्ष्य राखिएकामा लक्ष्यअनुसारनै उत्पादन भएको थियो ।

उक्त परिमाणमा दूध उत्पादन गरेबापत किसानलाई प्रतिलिटर रु पाँचका दरले सहकारी संस्थामार्फत प्रोत्साहन सहयोग उपलब्ध गराइएको कार्यालयका प्रमुख डा गृष्म न्यौपानेले जानकारी दिए । उनका अनुसार दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि रु दुई करोड २० लाख बजेट विनियोजन गरिएकामा विनियोजित सम्पूर्ण रकम खर्च भई वित्तीय सतप्रतिशत हासिल भएको छ ।

'कार्यक्रमको मुख्य उद्देश्य किसानलाई दूध उत्पादन तथा औपचारिक बजारमा आबद्ध हुन प्रोत्साहित गर्नु हो । यसबाट सरकारले प्रदान गर्ने अनुदान कृषकले प्रत्यक्ष रूपमा प्राप्त गरेका छन् । उत्पादनका आधारमा प्रदान गरिएको अनुदानले व्यावसायिक पशुपालनमा सहयोग पुगेको छ', कार्यालय प्रमुख न्यौपानेले भने ।

कास्कीमा २७ वटा दूध संकलन संस्था/केन्द्रमार्फत वार्षिक ६९ लाख २३ हजार ७०० लिटर दूध सङ्कलन भएको विवरणमा उल्लेख छ । साथै आठ हजार ५० जना किसान दूध सङ्कलन प्रणालीमा आबद्ध रहेका कार्यालयले जनाएको छ । कार्यालयले दूध उत्पादन बढाउन किसानलाई प्रतिलिटरका आधारमा प्रोत्साहन दिने कार्यक्रमले उत्पादनलाई औपचारिक बजारसँग जोड्न सहयोग पुगेको जनाएको छ ।

उत्पादनमा आधारित अनुदानसँगै पाडीबाच्छी हुर्काउने प्रोत्साहन कार्यक्रमलाई पनि पशुपालन क्षेत्रको उत्पादन वृद्धि गर्ने महत्वपूर्ण कार्यक्रमका रूपमा अघि बढाइएको छ । यसैगरी पाडीबाच्छी हुर्काउने प्रोत्साहन कार्यक्रमअन्तर्गत गत आर्थिक वर्ष ३५० वटाको लक्ष्य राखिएकोमा ४५४ वटा पाडीबाच्छी हुर्काइएको थियो । यस कार्यक्रमका लागि रु ३५ लाख बजेट विनियोजन भएको थियो । *रासस*

# नाट्टाको अध्यक्षमा पाण्डे निर्वाचित

**काठमाडौं (प्रस)–** नेपाल एशोसिशयन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को अध्यक्षमा भरतजंग पाण्डे निर्वाचित भएका छन् । नाट्टाको ५९औं वार्षिक साधारणसभाबाट उनी निर्वाचित भएका हुन् ।

वरिष्ठ उपाध्यक्षमा सुनिल शर्मा, उपाध्यक्ष सविता केसी भट्टराई, महासचिव राजकुमार देवकोटा, सचिव रमेश पराजुली, कोषाध्यक्ष दिकी शेर्पा र सहकोषाध्यक्ष जीवन कोइराला निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

यसैगरी, सदस्यमा स्मारिका थापा, नवीन गुरुङ, दिनेश मैनाली, सुमनलाल श्रेष्ठ, स्वस्तिका प्रधान, संकेत दाहाल र विभाष पौडेल निर्वाचित भएका छन् । उक्त साधारणसभाको प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले उद्घाटन गरेका थिए ।

# नाइमा मोबिलिटी एक्स्पो आज सकिँदै

## पाँच दिनमै डेढ लाखले गरे अवलोकन



■ प्रभाव संवाददाता

**काठमाडौं–** भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' आज समापन हुँदै छ । साउन २६ देखि सुरु भएको एक्स्पोमा पाँचौं दिनसम्म अवलोकनकर्ताले उत्साहजनक सहभागिता जनाएको आयोजकको भनाइ छ ।

'शनिबार एकैदिन ४२ हजार अवलोकनकर्ताले एक्स्पो भ्रमण गरेका छन् । यससँगै पाँच दिनमा मेला अवलोकनकर्ताको संख्या एक लाख ५० हजार नाघेको छ,' नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ । छ दिनमा डेढ लाखले मेला अवलोकन गर्ने अपेक्षा गरेकोमा पाँचौं दिन नै उक्त लक्ष्य पूरा भएको नाइमाले जनाएको छ ।

एक्स्पो अवलोकन गर्नेहरूको भीड शनिबार अनपेक्षित बढेपछि पार्किङ व्यवस्थापनमा समेत कठिनाइ भएको थियो । भृकुटीमण्डपभित्रका सबै खाली जग्गा, नेपाल पुलिस क्लबको दुई तला तथा खाद्य गोदाम ग्राउण्डलगायतका स्थलमा पार्किङको व्यवस्थापन गर्दा पनि अवलोकनकर्तालाई सहज भएको थिएन ।

पटक-पटक भइरहेको भारी वर्षालाई बेवास्ता गर्दै अवलोकनकर्ता भृकुटीमण्डप पुगिरहेका थिए । 'पानीले निकैबेर डिस्टर्ब गऱ्यो,' काठमाडौं सुनचाँदी व्यवसायी संघका सचिव लेखरत्न शाक्यले भने, 'यहाँ आइपुग्दा खुट्टा टेक्नै नपाउने गरी भीड लागेको रहेछ, मैले पनि एउटा स्कुर बुक गरेँ ।' उनीसँगै आएका संघका सहसचिव अभिषेक शाक्यले पनि विगत वर्षको मेलामा भन्दा यसपटक धेरै नै मानिस आएको अनुभव सुनाए ।

अटो सो प्लानिङ कमिटीका अध्यक्ष गौरव शारडाले अवलोकनकर्ताको उल्लेख्य सहभागिताले उत्साहित बनाएको बताए । 'मेला पूर्णरूपमा सफल भयो भन्नका लागि अन्तिम दिनसम्म कुर्नै परेन,' उनले भने, 'हाम्रो लक्ष्य पूरा भइसकेको छ, एक्स्पो अवलोकन गरेर भोलिको दिनलाई अझ विशेष बनाइदिन म सबैलाई आग्रह गर्छु ।'

एक्स्पोको उद्घाटनका दिन साउन २६ गते २९ हजार, दोस्रो दिन २६ हजार, तेस्रो दिन २२ हजार र चौथो दिन ३१ हजारभन्दा बढीले अवलोकन गरेका थिए । मेलामा ५५ भन्दा बढी ब्राण्डका सवारीसाधन प्रदर्शनीमा राखिएका छन् । नयाँ-नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेर वितरक कम्पनीहरूले अवलोकनकर्तालाई आफ्ना स्टलमा आकर्षित गरिरहेका छन् ।

नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंक प्रालिकी प्रबन्ध निर्देशक यमुना श्रेष्ठले अवलोकनकर्ताको व्यापक उपस्थितिले मेलालाई सफल बनाएको बताइन् । पारामाउन्ट मोटर्सका प्रबन्ध निर्देशक शिरीषकुमार मुरारकाले पनि ठूलो संख्यामा अवलोकनकर्तालाई आकर्षित गर्न सक्नु नाइमाको सफलत भएको धारणा राखे ।

# टेलिकमको खुद मुनाफा ४७.५८ प्रतिशतले बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टेलिकमले गत आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकसम्म रु आठ अर्ब ८६ करोड ४६ लाख खुद मुनाफा कमाएको छ । कम्पनीले शनिबार सार्वजनिक गरेको अपरिस्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा खुद मुनाफा ४७ दशमलव ५८ प्रतिशतले बढेको हो ।

आव २०८१/८२ को चौथो त्रैमासिकसम्म कम्पनीको खुद मुनाफा रु छ अर्ब ६७ लाख थियो । एक वर्षको अवधिमा कम्पनीको खुद मुनाफामा रु दुई अर्ब ८५ करोड ७९ लाखले वृद्धि भएको हो । कम्पनीका अनुसार समीक्षा अवधिमा करअघिको मुनाफा पनि उल्लेख्य बढेको छ । गत आवको चौथो त्रैमासिकसम्म करअघिको मुनाफा रु १३ अर्ब २६ करोड ४७ लाख पुगेकामा अघिल्लो आवको सोही अवधिमा यस्तो मुनाफा रु नौ अर्ब ८५ करोड दुई लाख थियो । यस आधारमा करअघिको मुनाफा ३४ दशमलव ६६ प्रतिशतले बढेको हो ।

त्यस्तै, कम्पनीको ब्याज, कर, ह्रासकट्टी तथा अमोर्टाइजेसनअघिको आम्दानी रु २० अर्ब ४८ करोड एक लाख पुगेको छ भने अघिल्लो आवको सोही अवधिमा रु १८ अर्ब ४९ करोड ६० लाख आम्दानी भएको थियो । तुलनात्मक रूपमा यो १० दशमलव ७३ प्रतिशतले बढेको कम्पनीले जनाएको छ ।

नेपाल टेलिकमको कुल सञ्चालन आय समीक्षा अवधिमा रु ३४ अर्ब ९५ करोड चार लाख पुगेको छ । अघिल्लो आवको चौथो त्रैमासिकसम्म यस्तो आय रु ३३ अर्ब ८९ करोड ४५ लाख थियो । अघिल्लो वर्षको तुलनामा गत आवमा सञ्चालन आय रु एक अर्ब पाँच करोड ५९ लाख अर्थात् तीन दशमलव १२ प्रतिशतले बढेको हो ।

कम्पनीको कुल आयसमेत बढेको छ । समीक्षा अवधिमा कुल आय रु ३९ अर्ब १९ करोड ९६ लाख पुगेको छ । अघिल्लो आवको सोही अवधिमा कुल आय रु ३८ अर्ब १८ करोड ८१ लाख थियो । यसअनुसार कुल आय रु एक अर्ब एक करोड १५ लाख अर्थात् दुई दशमलव ६५ प्रतिशतले वृद्धि भएको हो । कम्पनीको प्रतिशेयर आम्दानी (वार्षिकीकरण गरिएको) रु ४९ दशमलव २५ रहेको छ ।

### ब्याज आम्दानी घटे पनि मुनाफामा वृद्धि

कम्पनीका अनुसार समीक्षा अवधिमा ब्याजदर क्रमिक रूपमा घट्दा ब्याज आम्दानीमा भने कमी आएको छ । अघिल्लो आवको चौथो त्रैमासिकसम्मको तुलनामा गत आवको सोही अवधिमा ब्याज आम्दानी करिब रु ८६ करोड १९ लाख अर्थात् २२ दशमलव ८८ प्रतिशतले घटेको छ ।

मुख्य दूरसञ्चार सेवाबाट हुने आम्दानीमा भएको वृद्धिका कारण समग्र सञ्चालन आय तथा मुनाफामा सकारात्मक प्रभाव परेको कम्पनीले जनाएको छ । विशेषगरी जिएसएम सेवातर्फको राजस्व बढेको छ । कम्पनीका अनुसार अघिल्लो आवको चौथो त्रैमासिकसम्मको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा जिएसएम सेवातर्फको राजस्व रु ६४ करोड ५४ लाख अर्थात् दुई दशमलव २८ प्रतिशतले बढेको छ ।

नेपाल टेलिकमले देशको सञ्चार सेवा प्रदायकको भूमिक निर्वाह गर्दै भौगोलिक तथा व्यावसायिक रूपमा चुनौतीपूर्ण क्षेत्रमा सेवा विस्तार र गुणस्तर सुधारलाई निरन्तरता दिँदै आएको जनाइएको छ । कम्पनीका अनुसार कम प्रतिफल प्राप्त हुने तथा बढी लागत लाग्ने विकट र दुर्गम क्षेत्रमा दूरसञ्चार सेवा विस्तार गर्नुपर्ने भएकाले सेवा सञ्चालनमा अतिरिक्त लागत व्यहोर्नुपरेको छ ।

### दुर्गम क्षेत्रमा सेवा विस्तारलाई निरन्तरता

नेपाल टेलिकमले व्यावसायिक प्रतिफलका दृष्टिले कम आकर्षक भए पनि राष्ट्रिय सञ्चार पूर्वाधारको जिम्मेवारीलाई ध्यानमा राख्दै दुर्गम तथा विकट क्षेत्रमा सेवा विस्तार गरिरहेको जनाएको छ । कम्पनीले त्यस्ता क्षेत्रमा नेटवर्क विस्तार, सेवा गुणस्तर सुधार तथा पहुँच अभिवृद्धिको कामलाई निरन्तरता दिएको छ । कम्पनीको वित्तीय विवरणले सञ्चालन आयमा सामान्य वृद्धि भए पनि मुनाफामा तुलनात्मक रूपमा सुधार देखिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ